# अध्याय-एक
# परिचय

## १.१ अध्ययनको भुमिका

हिन्दू धर्मसंस्कृतिको मान्यता भन्दा फरक किराँत धर्मसंस्कृति रहेको छ । किराँतहरुको धर्मग्रन्थ मुन्धुम .(मुन्थुम) लाई आधार मानी विभिन्न सांस्कृतिक कृयाकलाप सम्पन्न गर्ने र सोही ग्रन्थलाई याखा जातिले पवित्र ग्रन्थ मान्ने गर्दछ । नेपालको पूर्वी क्षेत्र दुधकोशी देखि पूर्व र अरुण नदी पश्चिम माझ किराँत स्वाशासित प्रदेश हो भने अरुण नदी पूर्व टिष्टासम्मको भूभाग पल्लो किराँत प्रदेश हो पल्लो किरात प्रदेशको संखुवासभा र धनकुटा क्षेत्र जसलाई वल्लो किराँत पनि भनिन्छ यस क्षेत्रमा किपटीय र जमिन्दारका रुपमा याखा जातिको बसोबास रहेको उद्गमथलो हो । जसलाई याखाहरु उद्गमथलोको रुपमा यसक्षेत्रलाई पितापूर्खा देखिको स्थान मान्दै आएको छ  यस क्षेत्रमा बसोबास गर्ने याखा समुदायहरु कृषिमा निर्भर हुने हुदाँ कृषि भूमि वा जग्गा नै मूख्य आयस्रोत हुने गर्दछ । कृषि बालीका रुपमा कोदो, मकै, फापर, गहुँ, धान आदीको खेती गर्ने याखा समुदायहरु घरमा गाई, भैसी सुँगुर, बाखा, कुखुरा आदिसमेत पालेका हुन्छन् । नगदेबालीका रुपमा अचैची ( जसलाई कालो सून) को खेती प्रशस्त हुने यस क्षेत्रमा नगद साट्न वा आर्जन गर्ने मुख्य बाली हो । फलफूलका रुपमा सुन्तला, आँप, लिच्ची, केरा आदीको उत्पादन हुने गर्दछ । संखुवासभा जिल्ला अरुण उपत्यका र मकालु (८४६७ मी) हिमालको काखमा अवस्थित जिल्ला हो । यस जिल्लाको पूर्वी दक्षिण भूभाग चैनपुर (खराङ बानेश्वर न.पा. मा याखा जनजातिको बाहुल्य रहेको र संस्कृतिको विकास र अभ्यास भएको छ । संखुवासभाको वाना, धुपु, आखीभूई, तामाफोक मादीमूलखर्क, स्यावुन, बानेश्वर,  जलजला , खराङ्ग, बाघा आदी गा.वि.स. याखा जनजातिको बाहुल्य र बसोवासको मूख्य क्षेत्र हो । किराँतहरुको स्वशासित क्षेत्र किराँत प्रदेश नेपाल एकीकरणका क्रममा पृथ्वीनारायण शाहद्वारा १८२५-१८३१ वि.सं. मा यस किराँत प्रदेश नेपाल सरहदमा गाभिएपछि दुधकोशी पूर्वको किराँत प्रदेशलाई तत्कालीन समयमा स्थानीयलाई नै स्वशासन प्रदान गरी लालमोहरद्वारा किपटभूमि व्यावस्था लागू गरियो । नेपाल एकीकरणका नाममा वास्तविक भौगोलिक आधार फेरबदल गरी किराँत प्रदेशलाई दश लिम्बूवान र १७ थुमामा विभाजन गरियो । अरुण नदी पूर्वको क्षेत्र १७ थुममा बाँडिएको थियो यही १७ थुममध्ये पाँचखपन, पाचमझिया, र दशमझिया

तीन थुम क्षेत्र याखा जातीको उद्‌गम क्षेत्र वा थलोको रुपमा याखा जातीले शासित गरेको क्षेत्र हो । जसलाई याखा भाषामा याक्षालेन भन्ने गरिन्छ । यसरी यस क्षेत्रको आसपास बसोबास गर्दै आएका मंगोल मूलका आदिवासी जनजाती पद र पगरी अनुसार आफूलाई देवान, जिमी, मझिया आदि पदधारण गरेका जातिय समुदाय नै याखा जनजाति भित्र पर्दछ । र यस समुदायमा विवाहलाई सांस्कृतिक र सामाजिक विशिष्ट मान्यता प्रदान गरिन्छ । विवाहले प्रत्येक समुदायमा स्थान राखेको हुन्छ । विवाह मानव सभ्यता र संस्कृतिको घोतक हो । विवाह विभिन्न समयमा विभिन्न रुपमा देखिएता पनि वर्तमान समयमा यसको पनि छुट्टै नियममा बाधिनुपर्ने कानुनी मान्यता रही आएको छ । कानुनी मान्यता र प्रचलन अनुसार वैवाहिक कार्य गर्ने र पारिवारलाई अगाडि बढाउन सकेमात्र समाजमा शान्ति र सही सभ्यताको विकास हुने देखिन्छ (कोङरेङ, २०६४) ।

विवाह प्राचीन समयमा विभिन्न किसिमका हुने गर्दथ्यो । जोडी संख्याका आधारमा एकल र बहुविवाह जसभित्र बहुपति र बहुपत्नी विवाह पर्दछ । हिन्दू धर्मग्रन्थमा विभिन्न प्रकारका विवाहको वर्णन गरिएको पाइन्छ । तिनीहरुमध्ये, प्रजापत्य विवाह, आसुरी विवाह, गान्धर्व विवाह, ब्रहमा विवाह आदीको उल्लेख गरेको पाइन्छ । वर्तमानमा समलिङ्गी र अदालती विवाहको प्रचलन रहेको छ । पूर्वीय संस्कृतिमा विावहमा छुट्टै मौलिक संस्कृति भएता पनि हाल आएर पशिचमीकरण र विभिन्न संस्कृतिको प्रभाव देख्न सकिन्छ । विवाह गर्दा उमेरले समेत प्रभाव पार्दछ अर्थात् विवाह गर्न योग्य उमेर कति भनी विवाहसम्बन्धी व्यावस्थामा मुलुकी ऐनको एघारौ संशोधन मार्फत केटा र केटीको उमेर क्रमशः बाइस र अठार बर्ष तोकेको छ भने बावुआमाको मञ्जुरी बेगर केटाकेटीले आफै विवाह गरेमा केटा र केटीको उमेर क्रमशः अठार/अठार बर्ष हुनुपर्ने प्रावधान उल्लेख गरेको छ (मुलुकी ऐन २०२०) ।

विभिन्न सम्प्रदाय अनुसार विवाहमा फरकपन हुने गर्दछ । हिन्दू धर्मअनुसार विवाहमा स्वयंवर गर्ने प्रचलन छ भने विवाहलाई हिन्दू धर्मशास्त्रअनुसार गृहस्थआश्रमको सुरुवात मान्दछ । जसलाई महत्त्वका साथमा हिन्दू धर्मशास्त्रले वर्णन गरेको पाइन्छ । हिन्दू वर्णआश्रम अन्तर्गतको ब्रहमचार्य, गृहस्थ, बनप्रस्थान र सन्यास आश्रम गरी चार प्रकारका विभाजन गरेको छ । विभिन्न समुदायमा विभिन्न किसिमका विवाहका प्रकार पाइन्छ । प्राचीन समयमा महाभारतकी एक पात्र कुन्तीको पाँचभाई छोराहरुको साझा पत्नीका रुपमा द्रोपदी रहेकी थिइन । त्यस समयमा त्यस क्षेत्रमा बहुपति प्रथा अर्थात एउटी श्रीमतीको धेरै

श्रीमान रहने प्रचलन रहेको पाइन्छ । हाल नेपालमा हिमाली भोगका केही समुदायमा यसप्रकारको प्रचलन यद्यपि छ । हाल जहाँतही चलेको विवाह अर्थात नेपालको जुनसुकै समुदायमा पनि रहेको विवाह भनेको मागी विवाह र प्रेम विवाह हो । नेपालको सामाजिक परिवेश अनुसार भने नेपाली समुदायमा तीन प्रकारका विवाहको अभ्यास रहेको देख्न सकिन्छ : १) मागी विवाह २) कानुनी विवाह ३) प्रेम विवाह । मागी विवाहमा केटा र केटीको विवाह गर्न योग्य उमेर भएपछि दुवै पक्षका अभिभावकको सल्लाह र मञ्जुरीका साथ केटापक्षले केटीपक्ष समक्ष धर्म/वर्ण, जात, संस्कृति र रीतिका आधारमा राखिने प्रस्ताव हो । जसलाई केटी पक्षकाले स्वीकार गरेमा विवाह हुने गर्दछ । प्रैमविवाहमा नेपाली समुदायका आधुनिक युवायुवती जात, धर्म, गोत्र वर्ण आदिको प्रवाह नगरी केटा र केटी बीचमा प्रेम वा मिलन पश्चात गरिने विवाह । जहाँ अभिभावकको निर्णाय वा मञ्जुरी विना पनि विवाह सम्पन्न गरिन्छ । कानुनी विवाह : यस प्रकारको विवाहमा मुख्यतया : कानुननी रुपमा सम्पन्न गरिने विवाह हो । जसलाई विवाह गर्न योग्य स्त्री र पुरुषलाई राज्यले कानुनी मान्यता दिने गर्दछ (मुलुकी ऐन २०२०) ।

विवाह धर्म र संस्कृति अनुरुप फरक हुने गर्दछ विवाहसँगै अन्य संस्कार गत कुराहरु जोडिएका हुन्छन् । विवाह एउटा पवित्र बन्धन हो । जसले दुई परिवारलाई जोड्ने काम गर्दछ । भने नयाँ नातासम्बन्धहरु स्थापित पनि हुने गर्दछन् । हिन्दू धर्मअनुसार विवाहमा दाइजोसमेत जोडिएर आएको हुन्छ । जसका कारण विभिन्न घटनाहरु हुने गरेको पाइन्छ भने जनजाती समुदायमा दाइजो दिने वा लिने कार्य हुँदैन । याखा समुदायको विवाह लिम्बू जातीको विवाहसँग समानता पाइन्छ । यस जातीको विवाह मूख्यत : लिम्बू र राई दुवै जातिका बीच वैवाहिक सम्बन्ध परापूर्वकालदेखि कायम रहँदै आएको छ । विवाह पश्चात नयाँ नातासम्बन्ध हुने हुँदा विवाहको संस्कारगत मान्यता अधिक रहेको छ । यस समुदायमा स्थापित परम्परागत विवाहको महत्व संस्कारगत रुपमा बढी रहेको छ । यस जातिमा मूख्यत : मागी विवाह प्रेम (चोरी) विवाह र जारी विवाह प्रचलनमा रहेको पाइन्छ । सामाजिक मान्यताका रुपमा विशेष रुपमा हेरिने विवाह परम्परा र धार्मिक मान्यता र आस्थाका आधारमा जात/जातिअनुसार फरक-फरक तरिकाले विवाह हुने गरेको पाइन्छ । विवाह सम्पन्न गर्न सामाजिक स्वीकृति र मान्यताको ठूलो भूमिका हुने गर्दछ (सुब्बा, २००८) ।

हिन्दू धर्मअनुसार विवाह पण्डित वा पुरोहितद्वारा विवाह मण्डपमा कन्याका बावुआमाले कन्यादान गरी सम्पन्न गर्दछन भने इशाई धर्ममा दुलहा/दुलहीलाई चर्चमा उपस्थित सम्पूर्ण जनसमुदायबीचमा धर्मगुरुद्वारा बाचा गराई विवाह सम्पन्न गरिन्छ । त्यस्तै इस्लाम धर्ममा केटा र केटीबीच विवाहका लागि राजी भएको छ वा छैन भनी तीन पटक धर्मगुरुद्वारा सोधिन्छ र केटा र केटी दुवैले तीनपटकमा राजी भएको संकेत मिलेपछि विवाह सम्पन्न हुन्छ ।

नेपालका विभिन्न जातजातिगत समुदाय अनुसार विभिन्न खालका विवाहहरु प्रचलनमा छन् जुन धार्मिक मान्यता र आस्थाका आधारमा छन् भने कोही जातीगत समुदायमा चलिरहेको मान्यताका आधारमा छन् । नेपालका मगर, गुरुङ, र तामाङ्ग समुदायमा मामार्चेी र फूपुचेलाबीच विवाह गर्ने सामाजिक र परम्परा रही आएको छ । त्यस्तै अन्य जातिमा साली बेहोर्ने परम्परा रहेको छ ।

याखा जनजातिको परम्परागत विवाह रीतिरिवाज सामाजिक परम्परा मान्यता र धार्मिक ग्रन्थ मुन्थमलाई आधार मानेर विवाह कार्य वा वैवाहिक समारोह गर्ने गरिन्छ । विवाह गर्दा विशेषत : वृद्ध व्यक्तिको निर्देशन तथा सल्लाह बमोजिम विवाह सम्पन्न गर्ने गरिन्छ । विवाह गर्ने शैली याखा जनजातीको एक छुट्टै मौलिक संस्कृति भएता पनि बसाईसराई बसोबासको स्थान विशेष अन्य जातजातिको अन्तर्घुलन, अन्तरजातीय सामाजिकीकरणका कारण याखाहरुको छुट्टै पहिचान र मौलिकता बोकेको वैवाहिक रीतिमा अन्य संस्कृतिको प्रभाव र अवलम्बन हुदै गएको देख्न सकिन्छ । जसका कराण स्थान विशेषको प्रभावका कारण मौलिकता ह्रास हुदै जाने क्रम बढेको छ (राई, २०६९) ।

**याखा को हुन् ?**

किराँत समुदाय भित्र पर्ने याखा जनजातिको भौगोलिक बासस्थान नेपालको पूर्वी हिमाली र पहाडी जिल्लामा केन्द्रित मुख्य थातथलो वा आफ्नो पुर्ख्यौली वासस्थानका रुपमा याखाहरुको बासस्थान रहदै आएको याखाहरु किराँत सम्प्रदाय भित्र पर्ने एक जाति हो । यस जातिले किराँत पहिचान बोकेको भाषा, संस्कृति आदी अंगालेको छ । र आफूलाई किराँतको एक वंशका रुपमा स्वीकार गर्दछ । किराँतहरुको मूख्य बसोबास रहेको पूर्वी क्षेत्रमा किराँत समुदायको बाहुल्यता रहेको छ । जसमा याखाहरुको बसोबास अरुण खोला (नदी) पूर्व र

तमोर नदी को आसपास रहेर संखुवासभा जिल्लाको दक्षिणी भाग र धनकुटा जिल्लाको उत्तरी भुभागमा मुख्यरुपमा बसोबास रहेको पाइन्छ । याखाहरु विशेषत : थरका रुपमा नामका पछाडि देवान, जिमी, याक्खा, याख्खा आदी थर प्रयोग गर्ने गर्दछन् । चाडपर्वका रुपमा उद्यौली र उभौली, मंसिर र वैशाख महिनामा क्रमश मनाउने गर्दछन् माक्सुक र प्याङच्याङका रुपमा (कुलदेवताको पुजा) विशेष पुजा साम्वा वा माङवाहाङद्वारा पुजा गर्दछन् । विवाह उत्सवका समयमा केइलाक नाच नाच्ने गर्दछन् भने धाननाच पनि प्रचलनमा छ ।

याखा समुदायको ऐतिहासिक उद्‌गमथलोको रुपमा संखुवासभा जिल्लाको तामाफोक, आँखीभूई र चैनपूरलाई लिइन्छ । जसलाई याखाहरु याखा भाषामा याक्सालेन भन्ने गर्दछन् । जहाँ याखा जातिहरुको मुख्यरुपमा बसोबासको क्षेत्र हो । याखा जातिलाई विभिन्न जातिय थरका रुपमा उनीहरुलाई चिनिन्छ । जस्तै : जिमी, देवान, याखा, याख्खा र थाक्खा लेख्ने प्रचलन छ तर याखा जनजाति भित्र पनि विभिन्न थरहरु छन् जसलाई याखा जातिले सामेत्लिङका आधारमा थर जात छुट्याउने गर्दछ । यसका आधारमा याखाहरुको वैवाहिक सम्बन्ध गास्न हुने वा नहुने भनी छुट्याइन्छ । हालसम्म याखा समुदायभित्र ३५ वटा थरहरु पाइएको छ । (कोङरेङ्ग २०६४), ती थरहरुमा केही यस प्रकार छन् : कोम्फे, चारकोले एलावा हेङवा आदी । याखा जनजातिहरु नेपालभित्र मात्र नरही भारतको सिक्किम, दार्जिलिङ क्षेत्रमा पनि छरिएर रहेका छन् भने ब्रिटिस भारतीय सैनिक सेवामा भर्ती भएर विदेशमा पनि केही संख्यामा रहेका छन् । राष्ट्रिय जनगणना अनुसार (२०६८) मा याखा जातिको संख्या २४,३३६ जना उल्लेख छ ।

## १.२ समस्याको कथन

पर्यावरण र भौगोलिक विविधताका कारण संस्कृति र रहनसहनमा फरकपन वा विभिन्नता हुने गर्दछ । प्रकृति र वातावरणद्वारा संस्कृतिको निर्माण हुन्छ । जसलाई निरन्तररुपमा एक पिढीबाट अर्को पिढीमा संस्कृतिका रुपमा अनुभव हस्तान्तरण हुने गर्दछ । नेपालका आदिबासी जनजाति मूख्यत : भोटबर्मोली भाषा परिवारका समुदायका रहेका छन् । रैथाने आदिवासी जनजातिको संस्कार-संस्कृति एक छुट्टै पहिचान र मौलिक संस्कृतिको धनि आदिवासी जनजातिको छुट्टै विशेषता रहेको छ । पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानसँगै पश्चिम नेपालबाट खस-आर्यहरुको प्रवेश र क्रमशः बसाईसराई भएको पाइन्छ

। नेपालको एकल धर्म, भाषा संस्कृतिको संरक्षण हुनुले र हिन्दू धार्मिक सांस्कृतिक गतिविधिको लागि विशेष स्थान र समय राज्यलये व्यावस्था गरिदिनाले जनजातीय संस्कृति, परम्परा, भाषा धर्म, लिपी आदि स्थानीय वा मौलिक नीति नियम धरासयी र लोप हुदै गएको हो । राज्यले एकल जातिय संरचनाको मुख्य उद्देश्य लिनाको कारण हिन्दू धार्मिक आवस्थावान संस्कृतिको विकास र सम्बर्द्धन हुने मौका र अवसर प्राप्त गर्दै जादाँ आदिबासीको संस्कृति र परम्परा संकटमा परेको अवस्था छ (आर.एल., १९६९) ।

नेपाल एउटा जातिय भाषिक विविधता भएको राष्ट्र मात्र नभई भौगोलिक विविधता समेत भएको एक राष्ट्र हो । त्यसैले नेपालको उत्तरी भू-भागमा बसोबास गर्ने हिमाली क्षेत्रको समुदायको संस्कृति र भाष त्यस क्षेत्रको वातावरण अनुकुलको छ भने नेपालको दक्षिणी भूभागमा बस्ने नेपाली समुदायको भाषा र संस्कृति पनि हिमाली क्षेत्रको संस्कृति भन्दा भिन्न किसिमको छ । त्यस्तै पहाडी क्षेत्रमा बस्ने समुदायका मानिसहरुको पनि फरक किसिमको संस्कृति रहेको छ । जसलाई भूगोल र वातावरणले फरक किसिमको संस्कृतिको निर्माण विकास गनृ भूमिका निभाएको छ । जहाँ जुन जातिको बसोबास छ त्यस ठाउँमा वातावरण सुहाउँदो संस्कृति र रीतिरिवाजको विकास रैथाने जनजातीद्वारा विकास भएको सहजै अनुमान लगाउन सक्दछौ । त्यसैले नेपालको बहुजाति, बहुभाषिक, धार्मिक संस्कृति एउटा बगैंचाका रंगीविरंगी फुलबारी जस्तै हो । जसरी सयौथरीका फूलहरुले बगैचाको शोभा बढाउँदछ र बगैंचा सुन्दर र आकर्षक देखिन्छ त्यस्तै समाजमा बहुजात, भाषा, धर्म संस्कृति आदि भएको मानिसहरु बसोबास भएको समाज पनि सुन्दर र एकताबद्ध भएको हुन्छ (विष्ट, १९६७) ।

याखा जनजातिको संस्कृति नेपालको पूर्वी पहाडी क्षेत्रको संखुवासभा र धनकुटा जिल्लामा याखा जातिको बसोबास रहेको छ भने बसाईसराई गर्ने क्रममा यस जाति पूर्वी तराईका विभिन्न जिल्लाहरु सुनसरी, मोरङ्ग, झापा जिल्लामा छरिएर रहेका छन् । किपट भूमी व्यावस्थाका आधारमा प्राप्त जग्गा माथिको अधिकारका आधारमा खोरिया फडानी गरी खोरिया खेती गर्दछन् । कृषि पेशा मुख्यरुपमा अंगालेका यस जातिले नदी नाला पहाड र जंगलको पुजा गर्दछन् । यस जातिका मानिसलाई जमिन्दार वा जिम्दार पनि भनिन्छ । जसको प्रशस्तमात्रामा जग्गा हुने गर्दछ । विशेषत : यस जातिका मानिस पाखो र भस्मेनी क्षेत्रमा कृषि खेती गर्ने गर्दछन् । यस जनजातिका मानिसमा जिमी थर लेख्ने प्रचलन पनि छ

। याखा जनजातिको विवाह किराँत समुदायका अन्य दुई जातिय समुदाय राई र लिम्बू ( जसलाई स्थानीय भाषामा राईलाई खम्बू र लिम्बूलाई सुब्बा भनिन्छ ।) जातका बीचमा पनि सामाजिक संरचनागत रुपमा वैध मानिन्छ वा सामाजिक मान्यता प्राप्त विवाह हुने गरेको छ । जुन परम्परा सदियौदेखि रही आएको छ । जसका कारण याखा जातिका केटाले राई केटीसँग विवाह गरी अर्को पुस्तामा प्रवेश गर्दा याखाबाट राई लेख्ने प्रवृतिका कारण राई लेख्ने हुदाँ याखा थर लेख्ने गरेको पाइदैन वा लेखे पनि याखा र राईथर एउटै रुपमा लेखिन्छ । याखा जाति राई थरमा परिणत हुने गर्दछ जसका कारण याखाहरुको संस्कृति सँगसँगै थरपनि रुपान्तरण भएको हुन्छ । त्यस्तै लिम्बू जातिसँगको विवाह आदानप्रदानका कारण लिम्बू संस्कृतिको प्रभाव पनि याखा संस्कृतिमा परेको पाइन्छ । कसै-कसैले याखालाई नै लिम्बूको उपथर मान्ने गरेको पाइन्छ । जसका कारण याखा एउटा छुट्टै जाति विशेष थर भएता पनि त्यसका पछाडि लिम्बू थर पनि सँगै जोडिएर लेखेको पाइन्छ । तर वास्तवमा याखा, राई र लिम्बू जातिको एउटा खेमा नभई किराँत भित्रको एउटा खेमा चाँही अवश्य हो । याखा जातिको जनसंख्या वास्तविक जनसंख्या भन्दा कम देखिनुमा याखा जनजाति भित्र पनि राई र लिम्बू थर लेख्ने प्रवृत्तिका कारण र कतिपय अन्य जातिलाई राई र लिम्बू जाति सजिलै चिन्ने जाति भएको र याखाहरुले जातलाई चिनाउने क्रममा राई वा लिम्बू जातिको नजिक तुलना गरिनुले पनि याखा जनजातिलाई राई वा लिम्बू दुवै जातिका रुपमा लिने गरेको पाइन्छ । जसका कारण वास्तविक याखाहरुको जनगणना गर्दा जनसंख्या भन्दा कम देखिन गएको हुन सक्छ (राई, २०५९) । यस अध्ययनले निम्न कुरालाई जोड दिएका छन् :

१) विवाह संस्कार परिवर्तनका कारणहरु

२) याखा जनजातिको विवाह संस्कारहरु के-कस्ता छन् ?

## १.३ अध्ययनको उद्देश्यहरु

यस अध्ययन/अनुसन्धानात्मक विषयवस्तुको निम्न प्रकारका उद्देश्यहरु रहेको छ :

क) विवाह प्रकृयाबारेको वर्णन गर्न

ख) याखा जनजातिको विवाहको प्रकार र विवाह प्रकृयाको परिवर्तन बारेमा अध्ययन गर्न

ग) विवाह प्रकृयामा आएको परिवर्तनको विश्लेषण गर्न ।

## १.४ अध्ययनको औचित्य

नेपालको पूर्वी हिमालि जिल्ला संखुवासभामा बसोबास गर्ने याथा जनजाति मूख्यत पूर्वी पहाडी जिल्ला संखुवासभा र धनकुटा जिल्लामा बसोबास गर्ने आदिबासी जनजाति हुन् । पूर्णत कृषि पेशामा निर्भर यस जनजातिको आफ्नै मौलिक संस्कृति, भाषा, रीतिरिवाज र परम्परा रहेका छन् । यस अध्ययन जातिय संस्कार, पहिचान र संरक्षणका क्रममा भएका खोज अनुसन्धानमा भएको छ । साथै यस जातिको बारेमा अझ बढी अध्ययन गर्न र अनुसन्धान गर्न चाहाने अनुसन्धान कर्तालाई सहयोग र जानकारी प्राप्त हुनेछ भन्ने आशा गर्दछु । आदिवासी जनजातीको सांस्कृतिक पाटोको रुपमा रहेको विवाह संस्कार अन्य जातिको बसाइसराईले रैथाने जातिको संस्कारमा प्रभाव पर्नुका साथै मौलिक संस्कारमा परिवर्तन हुँदै गएको छ । जसका कारण मौलिक संस्कृतिको संरक्षण र सोही जातिको अर्को पुस्तामा हस्तन्तरण गर्ने क्रममा केही परिवर्तनहरु देखा परेका छन् । जजका कारण याखा जातिको पहिचान बोकेको विवाह संस्कार लोप हुन गइरहेको छ ।

नेपाल विविध जातजातिको बसोबास भएको एउटा सुन्दर देश नेपाल हो । राष्ट्रले सम्पूर्ण जातजातिको पहिचान बोकेको संस्कृतिलाई समान प्राथमिकता र संरक्षण गर्नु जरुरी छ जसका कारण सम्पूर्ण जातजातिले राष्ट्रपति समान आस्था र विश्वास गर्न सक्नेछ । विविध पहिचान बोकेको जातजातिको अध्ययन अनुसन्धान र विभिन्न कार्यक्रम लागू गर्न यस अध्ययन जनजातिको संस्कृतिको अध्ययनको एउटा इटाको रुपमा काम गर्नेछ साथै यस अध्ययन अनुसन्धानबाट याखा जातिको बारेमा जानकारी र सूचना लिन चाहाने सामाजशास्त्री/मानवशास्त्री, अनुसन्धानकर्ता सरकारी तथा गैह्र सरकारी संस्था, विकास नियोग, संघ/संस्था/संगठन आदिलाई याखा जातिको विवाह संस्कार बुझ्न त्यसबारे विभिन्न योजना निर्माण र कार्यान्वयन गर्न केही मात्रामा भएपनि सहयोग पुग्नेछ भन्ने आशा गर्दछु ।

## १.५ अध्ययनको संगठन

यस अध्ययन अनुसन्धानका क्रममा संखुवासधा जिल्लाको खराङ्ग गा.वि.स.को किडरिङ गाउँका याखा जनजातिका विवाह संस्कारको प्रकृया र परिवर्तन बारेमा तयार पारिएको यस शोधपत्रमा अध्याय एकमा परिच जसभित्र अध्ययनको भूमिका समस्याको अध्ययन र व्याख्या, अध्ययनको उद्देश्यहरु, अध्ययनको औचित्य र अध्ययनको संगठन रहेको छ । त्यस्तै अध्याय दुईमा पूर्वसाहित्य पूनरावलोकन र अध्याय तीनमा अध्ययन क्षेत्रको छनौट, अनुसन्धानको

ढाँचा, नमूना छनौट, तथ्याङ्कको स्रोत, तथ्याङ्क संकलनका प्रकृति र विधि, सहभागी असंरचित अन्तवार्ता, संरचित प्रश्नावली, तथ्याङ्कको विश्लेषण र अध्ययनका सीमाहरु रहेका हुन् ।

अध्याय चारमा याखा जातिको विवाह संस्कार प्रकृया र परिवर्तन शीर्षकमा अध्ययन क्षेत्रमा रहेका याखा जाति र तिनीहरुको प्रजाति, घरधुरी, वंशज, ऐतिहासिकताका आधारमा याखा जातिको विवाह प्रकृया, विवाहको सामान्य प्रकार, विवाह संस्कारका प्रकृयागत कार्यलाई परिवर्तन गर्ने मुख्य तत्वहरु, विवाह प्रकृयामा परिवर्तन र अध्याय पाँच सारांश र निष्कर्ष रहेको छ ।

# अध्याय-दुई
# पूर्वसाहित्य पूनरावलोकन

विवाह मानवीय संस्था हो जुन समाजद्वारा स्वीकृत र मान्यता प्रदान गरिएको विपरीत लिङ्गबीच सँगै बस्न पाउने अधिकरा समाजद्वारा अप्रत्यक्ष रुपमा स्वीकृति जनाइन्छ । त्यसपछि परिवार बन्दछ परिवार बन्नको लागि विवाह अनिवार्य र समाजको आवश्यकीय संस्था हो । विवाह एउटा साँस्कृतिक मान्यता र परम्पराभित्र रहेको एउटा संख्या हो । जहाँ सांस्कृतिक, मूल्य, मान्यता रीति आदिको झल्को पाउन सकिन्छ । विवाहको परिभाषामा मेलोनोस्की भन्दछन् : विवाह बच्चा जन्माउन, स्याहार गर्न र हुर्काउनको लागि गरिएको करार हो । (सोसल इन्चयूसियन)

विवाहसम्बन्धी विवाह दर्ता ऐन २०२८ ले पुरुषको उमेर बाईस र स्त्रीको उमेर अठार बर्ष कायम गरिको छ । (छठौ संशोधन, २०३३)

नेपालको ऐतिहासिक शासन व्यावस्था काल किराँत कालमा विवाह सम्बन्धी हेर्ने छुट्टै निकायको विकास भएको थियो जसलाई माम्चोक भन्ने गरेको थियो । जसले विवाह, पुर्नविवाह, सम्बन्धविच्छेद आदिसम्बन्धी कार्य गर्दथ्यो । (राई, २०५९)

लिच्छवी कालमा माम्चोक भन्ने विवाहसम्बन्धी कार्यको व्यवस्थित कार्य गर्ने निकायमा रुपमा रहेको थियो यस निकाय लिच्छवीकालको चार निकाय लिङवल, माम्चोक, शुल्लो, कुथेर मध्ये एक शक्तिशाली निकायका रुपमा रहेको थियो । माम्चोकद्वारा विवाह, सम्बन्धविच्छेद, पुर्नविवाह आदिको कार्य यस निकायद्वारा हुने गर्दथ्यो । (भट्टराई, २०१०)

विवाह सामाजिक संस्था हो जसमा धार्मिक, सांस्कृतिक पहिचान लुकेको हुन्छ । विवाहलाई धर्म, समुदाय, रीतिरिवाज, परम्परा, जाति आदि तत्त्वले प्रत्यक्ष प्रभाव पार्दछ । विवाह हिन्दू धर्मशास्त्रमा पवित्र बन्धन भनी उल्लेख गरिएको पाइन्छ । हिन्दू धर्ममा विवाहित महिलाको सामाजिक मान्यता र इज्जत उच्च हुने गर्दछ । तर पतिको मृत्यु भएका विधवा नारीको समाजले हेला र तिरस्कार गर्ने गर्दछ । हिन्दू विवाह प्रणालीमा विवाहका प्रकारहरु विवाहको प्रकृति अनुरुप फरक-फरक विवाहको बारेमा उल्लेख छ । ब्रहमा विवाह, असुर विवाह, राक्षस विवाह, गान्धर्व विवाह र प्रजापत्य विवाद । (सुब्बा, २००८)

राष्ट्रिय जनगणना २०६८ अनुसार १० वर्ष भन्दा माथिको विवाहितहरुको तथ्याङ्क ५७.५ प्रतिशत जनसंख्या छ भने १५ देखि १९ वर्षमा पहिलो विवाह गर्नेको तथ्याङ्क ४८.९ प्रतिशत जनसंख्या छ । ( केन्द्रिय तथ्याङ्क विभाग, २०६८)

विवाह सामाजिकीकरणका आधारमा हुने गर्दछ विवाह पश्चात स्थानीय निकाय मा दर्ता गर्नुपर्ने व्यावस्था विवाहदर्ता ऐन २०३५ नेपाल सरकारले लागू गरेको छ । जसद्वारा विवाहित जोडीको उपस्थितीमा विवाह भएको ३५ दिनभित्र विवाह दर्ता गराई विवाह-दर्ता प्रमाणपत्र स्थानीय अधिकारी माफत् प्राप्त गर्न सक्छन् । (दर्ता ऐन २०३५) मगर, तामाङ्ग, गुरुङ्ग, समुदायमा मामाचेली, फूपुचेला विवाहलाई मान्यता दिइन्छ । जसमा फूपुको छोरीले मामाको छोरीलाई विवाह गर्न पाउने स्वत अधिकार हुनेछ । जसलाई सामाजिक र सांस्कृतिक मान्यता प्राप्त छ । (विष्ट, १९६७)

नेपालको पूर्वी हिमाली जिल्ला संखुवासभाको उत्तरी हिमाली क्षेत्र चेपुवा र हटिया गा.वि.स का गाउँमा रहेका ल्होमी कारभोटे/सिङसावा जातिमा  बहुपति विवाह प्रथा रहेको छ । जहाँ एक श्रीमतीको एक भन्दा बढी श्रीमानसँग सँगै बस्नुपर्ने हुन्छ । घरको दाजुभाई मध्ये जेठो दाजुले विवाह गरी ल्याएको श्रीमतीलाई अन्य भाईहरुको स्वतः श्रीमती हुने परम्परा छ । यस प्रकारको प्रचलन थद्यपि यस समुदायमा रहेको छ । (विवाहको प्रकार) मुस्लिम धर्ममा विवाह गर्नुलाई निगाह भनिन्छ । विवाहमा लगाइने वस्त्र वा आभूषणको विशेष महत्व हुने गर्दछ । त्यसरी ने विवाहमा कस्तो रंगको लुगा वा पहिरन लगाउँदा शुभ वा सगुन हुन्छ भन्ने धार्मिक मान्यता रही आएको छ । हिन्दू धर्मावलम्बीहरुको विवाहमा रातो रङ्गको पहिरनलाई शुभ साइतको रुपमा लिने गर्दछ भने ईसाई धर्मावलम्बीहरुले विवाहमा सेतो पहिरनलाई विशेष प्राथमिकताका साथ हेर्ने गर्दछन् । त्यस्तै मुस्लिम धर्मावलम्बीहरुले विवाहमा कालो वा रातो पहिरन लगाउने चलन छ । मुस्लिम धर्मावलम्बीमा बहुपत्नी विवाह गर्न धार्मिक ग्रन्थ कुरानमा पुरुषका लागि विशेष व्यावस्था छ । (ताल्हामी, २०१३)

भोट वर्मेली भाषा बोल्ने याखा समुदायका मानिसहरु मंगोलियन विशेषता भएको गहुँगोरो चिम्सो आँखा, थेप्चो नाक र गोलो मुखाकृति भएको हुने गर्दछ । जुन अन्य समूहका मानिसभन्दा भिन्न देखिन्छ । जहाँ पहाडी क्षेत्रमा बसोबास गर्ने क्षेत्री ब्राहमण, शेर्पा तामाङ्ग र गुरुङ्ग भन्दा फरक देखिन्छ । (कोङरेङ, २०६४)

हिन्दू विवाह प्रकृयासँगै दाइजो पनि जोडिएर आएको हुन्छ । हिन्दू धर्मावलम्बीहरुको बीचमा विवाह गर्दा छोरीको विवाहमा यथेष्ठ सामग्रीहरु दाइजोको रुपमा दिइने प्रचलन छ । जुन छोरीको विवाहसँगै तय हुने गर्दछ । दायजे कम ल्याएको वा ल्याउदै नल्याएको बहानामा महिलालाई विभिन्न हिंसाहरु हुने गरेको छ । जसले महिलालाई जिउँदै जलाउने कुटपीट गर्ने मानसिक, शारीरिक यातना दिने काम विवाह  गरी गएको घरको सासू, ससूरा, देवर, जेठाजु, श्रीमान र घरका अन्य सदस्यको संलग्नमा हुने गरेको पाइन्छ । (अन्वेषी, २०१५)

याखा जनजाती समुदायमा मागी विवाह, प्रेम विवाह र जारी विवाह प्रचलित रहेको विवाह हो । मागी विवाह र प्रेम विवाह बढी प्रचलनमा रहेको विवाह भएता पनि न्यून मात्रामा जारी विवाह हुने गरेको पाइन्छ । सामाजिक मान्यता र संस्कृतिका आडमा मागी विवाह बढी प्रचलनमा रहेको भएता पनि वर्तमान अवस्थामा प्रेमविवाह धेरै प्रचलनमा रहेको छ । (कोङरेड, २०६४)

नेपाली समाजको प्राचीन समयमा विवाहित महिलाको श्रीमानको मृत्यु भएमा मृत श्रीमानको बलिरहेको चित्तासँगै महिलापनि मृत्युवरण गर्नु पर्ने सतीप्रथा नेपाली समाजमा थियो । ललितपुरका ऐतिहासिक राजा योगनरेन्द्र मल्लको मृत्यु हुँदा ३१ वटी रानी सति गएको उल्लेख र वि.सं. १९७७ मा चन्द्रशमशेरले सती प्रथा उन्मूलन गरे । (भट्टराई, २०१०)

मध्यकालमा विदेशबाट जयस्थिति मल्ललाई झिकाई भक्तपुरमा राजल्लदेवीसँग विवाह गरिदिएका थियो । यस समयमा महिलाको थर विवाह पश्चात पुरुषले लेख्ने प्रचलन बसाएका थिए । त्यस्तै लिच्छविकालका राजा अंशुवर्माको छोरी भृकुटीको विवाह तिब्बतका राजा स्रङचङ गम्पोसँग गराइदिएका थिए । भृकुटीको विवाह तिब्बतमा हुदाँ उनले नेपाली मूर्ती, काष्ठकलाका सामानहरु पनि तिब्बत लगेको कुरा उल्लेख छ । (भट्टराई, २०१०)

नेपालमा हाल १२५ प्रकारका जनजातीहरुको गणना भएको छ जसमध्ये १२३ प्रकारका मातृभाषाहरु बोलिने गरेको जनगणनामा उल्लेख छ । नेपाल सरकारले मातृभषााको बाहुल्यता रहेको क्षेत्रमा मातृभाषामा प्राथमिक तहको पठन-पाठनको व्यावस्था समेत गरेको छ । (रा.ज. २०६८) २०६८ मा किराँत धर्मालम्बीहरु ३.० प्रतिशत र प्रकृति धर्म मान्नेहरु ०.४ प्रतिशत यस जनगणनामा उल्लेख छ । (रा.ज. २०६८) त्यस्तै कुल जनसंख्याको १०

वर्ष उमेर वा सो भन्दा माथिको उमेरको व्यक्तिहरु मध्ये ५७.५ प्रतिशतको एक विवाह भएको देखिएको छ ।

हिन्दू विवाहमा संस्कारलाई ज्यादै महत्व दिइन्छ त्यसैले संस्कारको सम्बन्धमा उद्‌वाह, विवाह परिणय या परिणयन उपयम तथा पाणिग्रहण जस्ता शब्दहरु प्रचलित छन् । विवाह विशिष्ट ढंगले कन्यालाई लानु वा आफ्नो स्त्री बनाउन लैजानुलाई विवाह भनिन्छ । यसरी विवाह संस्कार सम्पन्न गरिएमा विवाह भएको मानिन्छ । वरले अर्थात कुनै पुरुषले कुनै स्वास्नी मानिसलाई आफ्नो स्वास्नी बनाउने उद्देश्यले लगेमात्र पनि विवाह भएको मानिन्छ । विवाह वैदिक विधिपूर्वक ब्राहम, दैव, आर्य, प्रजापत्य वा आसुरको तरिकाले गरिएको नै हुनुपर्छ भन्ने जरुरी छैन न त विवाहमा यौन समागम अनिवार्य छ । विवाह हाडनाता वा नाताबिचमा विवाह हुदैन यस्तो विवाह गरेमा हाडनाता करणी सम्बन्धी सजाय मुलुकी ऐनमा व्यावस्था गरिएको छ । (श्रेष्ठ, २०६४)

नेपालमा विवाहसम्बन्धी विभिन्न नीतिनियमहरु निर्माण भएका र कार्यन्वयनमा आएको छ । २०६७/६८ को आर्थिक वर्षको बजेटमा विवाह गर्ने जोडीलाई विशेष व्यावस्था सहित आर्थिक कार्यक्रम प्रस्तुत भएको थियो जसमा अर्न्तजातीय विवाह गर्नेका लागि रु. पचास हजार सरकारको तर्फबाट विवाहित जोडिलाई स्थानीय निकायबाट प्रदान गर्ने व्यावस्था थियो । (२०६७/०६८) आ.व) याक्खा समुदायको ऐतिहासिक उद्‌गमथलो संखुवासभा जिल्लाको तामाफोक, आँखीभूई र चैनपूरलाई लिइन्छ जसलाई याक्खाहरुले याक्सालेन भन्ने पनि गर्दछन् । याखा जातिलाई विभिन्न नाम वा थरका रुपमा उनीहरुलाई चिनिन्छ जस्तै : जिमी, देवान, याखा आदी तर याखाहरुको आफ्नै उपथरहर छन् जसलाई याखा भाषामा समोत्लिङ (गोत्रजस्तै) भनिन्छ । यसका आधारमा याखाहरुको वैवाहिक सम्बन्ध गास्न हुने वा नहुने छुट्टिन्छ । याखा जातिका समुदायका थरहरु यसप्रकार छ : लिखां, रोगु, छाला, सुमा, हेङवा, होहाङवा, लिम्बूखिम, लुम्बा, पिन्नुहाङ, पुअलुहाङ, खाम्याङ्ग, माखरा, मारङहाङ, याएम्बा, कोङरेन, कोम्फे, ओक्तुहाङ एलावा, तुम्बा, ताम्लि, पाम्फू, थाइम, तुम्बा, लिङथेप, छोङरेन, खायखिम, चारकोले, कोयोङबा, तुम्यासोलोङ आदी (कोङरेन, २०६४)

नेपालको आदिबासी जानजातिका रुपमा नेपाल सरकारद्वारा सुचीकृत जाति याखा जनजाति हो । विभिन्न जनजातिको वर्गिकरण गर्ने क्रममा पाँच भागमा वर्गीकरण गरिएको छ जसमा लोपोन्मुख, सीमान्तकृत, अतिसीमान्तकृत समूह, विकसित समूह र सुविधावन्चित समूह

रहेको छ जसलाई सामाजिक शैक्षिक र आर्थिक आधारमा वर्गीकरण गरिएको हो । याखा समुदाय सुविधावञ्चित समूह अन्तर्गतमा वर्गीकृत भएको २० जनजाती भित्र पर्दछ । (राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८)

अरुण पूर्व मेची परिश्चमका राई लिम्बू सुब्बा याषा मझिया मोहरिया मुषिया बितलबया तलब्या गुठीदार गैह्र दैयत प्रति भोट मुंलान लगी गाई गोरु बेच्छ रहेछौ (अव) ........ नबेच्नु भन्ने बन्देजका मोहर गरी बक्स्यौ अब उप्रान्त बेच्नेलाई ...... दण्ड गर्नुगराउनु भन्ने रुक्का (१८३०) मा भाषा शब्द परेको छ ।

हिन्दू गोर्खाली राजा पृथ्वीनारायणका आक्रमणकारी सेनाले लिम्बूवान र खम्बुवान प्रदेशलाई जितेपछि गोर्खाली शासन चलाउने निहुँदा हिन्दू धर्मसंस्कृतिको किराँतमा लाद्न खोजिएको थियो । किराँतहरुले आफूहरुमाथि हिन्दू शासकद्वारा लाद्न खोजिएको कट्टर हिन्दू आचरणको जमेर प्रतिरोध गरिनै रहे । मेकचन वा मेक्सन (किराँत भाषामा जरिवाना) तिरेर भए पनि गाईको सिकार खाई रहे । हिन्दू चाड दशैको विरोध गर्ने किराँत राईद्वय रामलीहाङ र रिदामा हिन्दू धर्मविरोध गरेका कारण जंगबहादुरले मार हानी दशैं चाड लिम्बूवानमा लागू गरे । ( राई २०५९) ऋग्वेदमा किराँत शब्दको उल्लेख छ भने हिन्दूधर्मको ग्रन्थमा पनि किराँत शब्दको उल्लेख भएको पाइन्छ । ऋग्वेदकालमा किराँत शब्दले आर्य को जीउ रुप र सभ्यताभन्दा विपरीत भोटबर्मेली भाषिकाहरु बोल्ने आ-आफ्नै कुलधर्म र देवता मान्ने, पुड्के थेम्चे, पहेलो मानवका समुदाय वा अनार्य जाती भनी उल्लेख छ । संस्कृतमा किरम ( वनप्रदेशय) किराँत हो । अर्थात किराँत शब्द सम्मानबोधक जाति बुझाउने शब्द थिएन जुन आर्य शब्दको विपरीत अर्थ बुझाउन शब्द थियो । (राई, २०५९)

लिम्बूवान क्षेत्रमा भूमिसम्बन्धी ऐन २०२१ द्वारा किपटभूमि को व्यावस्था समाप्त पारिएको थियो । किपटभूमि ऐन भनेको परम्परादेखि एकमुष्ठ तिरो लागको सधैको लागि हक वा स्वामित्व हस्तान्तरण (राजीनामा) नहुने किपटजग्गा हो ।

किराँताको बारेमा हिन्दू ग्रन्थ रामायण र महाभारतमा युद्धमा लडेका वीर र शक्तिशालीका रुपमा किराँत भएको उल्लेख छ त्यसै गरी प्राचीन नेपालमा किराँतवंशको शासन काठमाडौं उपत्यकामा पाँच शताब्दीसम्म २७ देखि ३२ पुस्ताले शासन गरेको थियो र किराँतीको प्रथम राजा यलम्बर हुन् । (चेम्जोङ १९६१) अंशुवर्मालाई हाङसुहाङ वा किराती राजाका

रुपमा समेत उल्लेख गरेको पाइन्छ । (चेम्जोङ १९६१) किराती प्रथम राजा यलम्बरको शालिकको निर्माण संखुवासभा जिल्लामा निर्माण गरिएको छ भने धरानको निर्माण संखुवासभा जिल्लामा निर्माण गरिएको छ भने धरानको रेल्वेलाइनमा यलम्बरको सम्भनामा यलम्बर पार्कको निर्माण गरिएको यस यलम्बर पार्कमा हरेक वर्ष उद्यौली र उभौलीका समयमा कार्यक्रम आयोजना हुन्छ र विभिन्न किराँत समुदायले सांस्कृतिक कार्यक्रम, साकेला नाच आदी  गर्ने गर्दछन् । यस क्षेत्र संघीय स्वायत्त लिम्बूवान राज्यको नाममा विभिन्न समयसमयमा विभिन्न आन्दोलन हुदै आएको छ । किराँत समुदायले उधौली र उभौलीमा विशेष पुजा-आजा गर्ने चलन छ । समुद्री सतह देखि २५०० मी सम्मको उचाइमा बसोबास गर्ने किराँत समुदायको बसोबास क्षेत्रमा आँप, लिच्ची, केरा, सुन्तला, कटहर, भूइकटहर, अम्बा जस्ता फलफूल हुने गर्दछ भने कृषिबालीका रुपमा धान, कोदो, मकै, फापर, आलु, तोरी, आदीको खेती गर्ने गरिन्छ । साथसाथै घरपालुवा जनावरका रुपमा भैँसी, गाईगोरु, बाख्रा, कुखुरा, सुँगु, आदि पालेको हुन्छ जुन मासुको रुपमा प्रयोग गर्ने पनि गरिन्छ । त्यस्तै : यस क्षेत्रमा प्रशस्त अलैँची खेती पनि हुने गर्दछ जसबाट कृषि प्रणालीमा नगद साट्न सहयोग पुग्दछ । (विष्ट, १९६७)

# अध्याय-तीन

# अनुसन्धान पद्धति

अध्ययन/अनुसन्धान कुनै एक विधिमा आधारित रही अध्ययन गर्नुपर्ने हुन्छ । जसद्वारा अध्ययन गरिएको विषयको निष्कर्ष नजिक पुग्न सहयोग गर्दछ । अध्ययन पद्धतिको लागि मात्रात्मक र गुणात्मक तथ्याङ्कद्वारा तथ्याङ्क संकलनका विधिहरु जुन माथी उल्लेख गरिए बमोजिम अध्ययन विधिहरुको प्रयोग गरिएको छ । जसले अध्ययन/अनुसन्धानकर्तालाई अध्ययन अनुसन्धान कार्यमा सघाउ र मद्दत पुऱ्याएको छ । यस अध्ययन/अनुसन्धान कार्यमा याखा जनाजतिको मौलिक संस्कारगत विवाह र अन्य जातिको अर्न्तघुलन र सामाजिकीकरण पश्चात विवाहमा आएका परिवर्तनहरुका बारेमा र अन्य जातीय विवाहको प्रभावद्वारा याखा जनजातिको संस्कारगत विवाह प्रकृयाका प्रत्यक्ष प्रभाव बारेमा समाजशास्त्रीय अध्ययन तथा अनुसन्धान गर्ने क्रममा अनुसन्धानकर्ताले याखा जनजातीय समुदायको विवाह समारोहमा प्रत्यक्ष सहभागी, संस्कारगत विवाहको अवलोकन, विवाह प्रकृयाको अवसरमा प्रत्यक्ष अनुसन्धानकर्ता विवाहमा सहभागी भएर र विवाहको सम्पूर्ण वैवाहिक कार्यको पूर्ण अवलोकन कार्य क्षेत्रका समूदाय बिच विवाहको अवधिभर पूर्ण समय व्यतित गरी विभिन्न उमेर समूहका वृद्ध वृद्धासँग विवाहको संस्कारगत प्रक्रिया बारेमा अन्तरक्रिया वा असंरचित अर्न्तवाताको माध्यमबाट विवाहको सांस्कृतिक महत्व र परम्परागत विवाहको बारेमा छलफल गरेर र विगत र वर्तमान विवाहको फरक र परिवर्तनका बारेमा कुराकानी मार्फत तथ्याङ्क संकलन गरिएको छ साथै जनजातिको युवायुवतीसँग पनि विवाहको बारेमा अध्ययन अनुसन्धान कर्ता प्रत्यक्ष समूदायका बीच सहभागी भएर तथ्याङ्क संकलन गरी विवाहको परिवर्तनबारेमा गरिएको छ । अनुसन्धाकर्ता स्वयम् स्वजातिय सोहि समुदायको भएकोले अनुसन्धानकर्ताले विभिन्न समयसमयमा हुने याखा समुदायको विवाह संस्कारको प्रत्यक्ष रुपमा अवलोकन गर्ने मौका स्वत कार्यक्षेत्रमा प्राप्त गर्दै आएको छ भने अनुसन्धानकर्ता स्वयम् पनि याखा समुदायमा भएका विवाहमा प्रत्यक्ष सहभागी भई अवलोकन गर्ने मौका प्राप्त गरेको छ । अध्ययन अनुसन्धान कर्ताले विवाह समारोहमा बेहुली पक्ष बाट सहभागी भई विवाह संस्कारको अवलोकन गरेको छ भने बेहुला पक्षबाट भएको विवाहमा पनि प्रत्यक्ष सहभागी अवलोकन कार्य क्षेत्रमा गरेको छ

जसद्वारा अध्ययन अनुसन्धानकर्तालाई याखा जनजातिहरुको संस्कारगत विवाह प्रक्रियाको परिवर्तनका बारेमा तुलनात्मक अध्ययन गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनौट

यस विषयको अध्ययन क्षेत्र संखुवासभा जिल्लाको चैनपुर नगरपालिका वडा न.. १८ किङरिङ (खराङ) गाउँ रहेको छ । किनकी यस क्षेत्र याखा जनजातिहरुको पुर्ख्यौली स्थानमात्र नभइकन मुख्य बसोबासको क्षेत्र हो । यस स्थानमा याखाहरुको बाहुल्यता रहनुका साथै मौलिक संस्कृति र परम्परा अझैसम्म कायम रहेको छ । याखाहरुको संस्कृतिको रुपमा वैवाहित परम्परा र अन्य रीतिरिवाज यद्यपि अभ्यासमा रहेको छ । याखाहरुले संखुवासभाको चैनपुर आसपासलाई आफ्नो उद्गम भूमिका रुपमा लिने गर्दछन् जसलाई याखा भाषामा याक्सालेन भन्ने गर्दछन् । याखाहरु यसभूमिमा सदियौदेखि बस्दै आएको र यस भूमिलाई पृथ्वीनारायण शाहको एकीकरण अघि यस भूमिमा याखाहरुको बसोबास रहेको थियो । एकीकरण पश्चात याखाहरुलाई विभिन्न पदहरुद्वारा विभूषित गरी स्वशाशित गराइएको थियो । ती समयमा प्रचलनमा भएका पद तथा अधिकारहरुको आधारमा याखाहरुको थर कायम भएको वा ती पदलाई धारण गर्ने र नामको पछाडी लेख्ने प्रचलन यद्यपि रहेको छ । जस्तै जीमी, जिम्मावाल, देवान-देवानी, राई, सुब्बा, मझिया दसमझिया पाँचमझिया आदि याखाहरुको बाहुल्य भएको यस क्षेत्रमा पूर्वमा चैनपुर दक्षिणमा हात्तिसुढे/पिलुवाखोला, उत्तरमा हेडवा र पश्चिममा अरुण र सभा खोला रहेको छ। चैनपुर ऐतिहासिक र सांस्कृतिक रुपमा थाखाहरुको बसोबास स्थल हो । यहाँका याथाहरु वर्तमान अवस्थामा पनि आफ्नो मातृभाषा बोल्ने र अन्य रीतिरिवाजहरु पनि पूर्ण मौलिक छन् । यस क्षेत्रमा उत्तर-दक्षिण कोशी राजमार्गको सडक विस्तारसँगै तराई जोड्ने सडक विकास भएपश्चात जीवनस्तर सहज बन्दै गएको छ । तसर्थ अध्ययन/अनुसन्धानकर्ताले यस क्षेत्रलाई छनौट गर्नुको कारण याखाहरुको मौलिक विवाह ग्रामीण स्थानीय परवेशमा स्वजातीय समुदायका बीच हुने हुदाँ अध्ययन/अनुसन्धान गर्ने कार्य अझ प्रभावकारी हुन्छ भनी यस क्षेत्रलाई अध्ययन/अनुसन्धान कार्यको क्षेत्र छनौट गरेको हो । अध्ययन क्षेत्र छनौटको मुख्य कारणहरु तल प्रस्तुत गरिएको छ :

क) यस क्षेत्रमा अध्ययन/अनुसन्धान गर्ने क्रममा अध्ययनकर्ता/शोधकर्ता स्वयम् यसक्षेत्रको भएकाले नमुना संकलन गर्न तथा यस क्षेत्रका जातिसँग कुराकानी र

अर्न्तवार्ता गर्न सहज र सजिलो हुने साथै अध्ययनका क्रममा अनुसन्धानकर्तालाई बसोबास गर्न र त्यस स्थानको अध्ययन गर्न आर्थिक बोझ पनि नहुने हुनाले र अन्य सामाजिक कारणले पनि सहज हुने हुदाँ ।

ख) चैनपुर न.पा. को किङरिङ गाउँ मुख्यरुपमा याखाहरुको बाहुल्यता रहेको क्षेत्र हो । जुन जनजातिको आफ्नै संस्कृति र भाषा सभ्यता रहेको छ । सरकारी तबरबाट संस्कृतिको संरक्षण र महत्वमा जोड नदिनु र राष्ट्रको एकल संस्कृति विकासको अवधारणाका कारण याखा जातिको मौलिक संस्कृतिमा ह्रास आउनुका साथै लोप हुने अवस्थामा छ । सरकारले संस्कृतिको समान संरक्षण गर्न उदासिनता देखाउदा र यस जनजातिको जनचेतनाका अभावका कारण यस जनजातिको संस्कार र संस्कृतिमा अन्य जातिको सांस्कृतिक प्रभाव परेको देखिन्छ ।

ग) यस याखा जनजातिको अध्ययन क्षेत्रमा विभिन्न सामाजिक सांस्कृतिक मूल्य-मान्यता क्रमशः परिवर्तन देखिएको छ । विवाह प्रकृयाका विभिन्न रीति र सांस्कृतिक मान्यताहरुमा क्रमशः ह्रास र परिवर्तन देखा पर्दै गइरहेको छ । जसले मौलिक संस्कृतिमा स्खलन वा बाधा पुऱ्याएको छ । जुन मौलिक संस्कृतिको संरक्षण र सम्बर्द्धनको आवश्यकता छ ।

यी माथी उल्लेखित अध्ययनका कारणहरुद्वारा याखा जनजातिको विवाह प्रकृया र परिवर्तनका बारेमा एक अध्ययनको निर्क्यौल निक्लनेछ । यस क्षेत्रमा विवाहको प्रकृयागत प्रचलन र उत्तरदायित्व, विवाह गर्ने विशेष समय र विवाह गर्न केटीलाई राखिने प्रस्ताव आदि कार्यमा नयाँ प्रचलनको अभ्यास देख्न सकिन्छ । जुन यस क्षेत्रका याखा जनजातीमा प्रत्यक्ष प्रभाव पर्दै आएको छ । यस विषयको अध्ययनक क्रममा यस गाउँका याखा जातिमा भएको सांस्कृति र सामाजिक कार्यमा देखिएका परिवर्तन र अभ्यासहरु समाजमा स्थायित्व र समाज रुपान्तरण गर्न र सामाजिक विकास गर्न मुख्य भूमिका निर्वाह गरेको छ ।

## ३.२ अनुसन्धानको ढाँचा

यस खराङ खराङ किङरिङ गा.वि.स. को याखा जनजाति समुदायको विवाह संस्कारको परिवर्तन बारे समाजशास्त्रीय अध्ययन अनुसन्धान गर्ने क्रममो शोधकर्ताले यस याखा

समुदायको विवाहमा अन्य संस्कृतिको सांस्कृतिक प्रभावका कारण यस याखा जनजातिको मौलिक विवाहमा आएको परिवर्तनलाई दुइ दशक अगाडि र वर्तमान विवाह प्रक्रियाको तुलनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरी विवाहको सांस्कृतिक पक्षका बारेमा अध्ययन अनुसन्धान गर्ने प्रयास गरिएको छ । जसलाई कार्य क्षेत्रमा सहभागिका आधारमा तथ्यको विश्लेषण र तथ्याङ्कको संकलन गरिएको छ । आधुनिकिकरण र संचार माध्यमका प्रभावका कारण वर्तमान याखा जनजातिको युवाहरुमा सांस्कृतिक परिवर्तन क्रमश देखा पर्दै गइरहेको छ । जसलाई मौलिक सांस्कृतिको प्रभाव र अभ्यास निम्न भएको देखाउदछ ।

## ३.३ नमूना छनौट :

संखुवासभा जिल्लाको खराङ गा.वि.स.को किङरिङ गाउँमा १२५ वटा घरधुरी छन् । जसमा १०६ घरधुरीबाट ३५ घरधुरीबाट विवाहित जोडीका रुपमा कम्तीमा एक व्यक्ति वा महिलाबाट ३५ विवाहित जोडी जसको जारी विवाह भएकोबाट ९ जोडी, मागी विवाह भएकोबाट १८ जना र प्रेमविवाह भएकोबाट ८ जना जोडीका रुपमा नमूना छनौट गरिएको थियो । जुन घरधुरीका विवाहित जोडीले याखा जातिका संस्कारगत विवाह गरेका र वर्तमान विवाह गरेका जोडीलाई छनौट गरी अध्ययन अनुसन्धान गरीएको थियो ।

**तालिका नं. १**

**उत्तरदाताहरुको विवरण**

| वडा नं. | गाउँको नाम | अर्न्तवाता लिइएको महिला (वृद्धा) | विवाहित वृद्धा | अविवाहित | अर्न्तवार्ता लिइएको पुरुष (वृद्ध) | विवाहित | अविवाहित |
|---|---|---|---|---|---|---|---|
| ६ | किङरिङ | ३ | २ | १ | ६ | ५ | १ |
| ८ | रातमाते | ४ | ४ | ० | ५ | ५ | ० |
| ७ | चापाभुई | २+१ | २ | १ | ६ | ५ | १ |
| ५ | जगतेडाँडा | १+२ | २ | १ | ५ | ३ | २ |
|  | जम्मा | १३ | १० | ३ | २२ | १८ | ४ |

**स्रोत : स्थलगत सर्वेक्षण २०७२**

जसमा वडा नं. ६ किडरिडमा ३ महिला ६ पुरुषसँग अर्न्तवार्ता गरिएको छ । त्यस्तै ७ वडा नं. ८, ७, ५ मा क्रमश महिला ४, ३, ३ र पुरुष क्रमश ५, ६, ५ जनासँग अर्न्तवाता र कुराकानी गरिएको थियो ।

## ३.४ तथ्याङ्कको स्रोत

यस अध्ययन अनुसन्धानात्मक कार्यमा गुणात्मक र मात्रात्मक दुवै विधिको प्रयोग गरिएको छ  जसमा प्राथमिक तथ्याङ्क र द्वितीय तथ्याङ्कको स्रोत प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्कको संकलन सम्बन्धित विषयका ज्ञाता वा विज्ञ वा सोही जातिका व्यक्तिसँगको अनौपचारिक अन्तवार्ताको प्रयोग र संकलन गरिएको छ । त्यस्तै द्वितीय तथ्याङ्कको रुपमा तथ्याङ्क संकलनका कार्यका लागि विभिन्न पुस्तक, जर्नल, पत्रपत्रिकामा प्रकाशित लेख-रचना इन्टरनेटका वेबसाइटहरुको प्रयोग र संस्थाका प्रतिवेदन स्मारिकाहरु आदिको प्रयोग द्वितीय तथ्याङ्कको रुपमा प्रयोग गरिएको थियो ।

## ३.५ तथ्याङ्क संकलनका प्रकृति र विधिहरु

विभिन्न प्रकारका तकनिकीको प्रयोगलाइ अवलम्बन गरी गुणात्मक र मात्रात्मक तथ्याङ्कलाई यस अध्ययन/अनुसन्धान कार्यमा प्रयोग गरिएको छ जसमा सहभागी, अवलोकन, असंरचिति अर्न्तवार्ता संरचित प्रश्नावली र क्षेत्र अवलोकन विधिको प्रयोगद्वारा तथ्याङ्क संकलन गर्ने कार्य गरिएको थियो ।

### ३.५.१ सहभागी अवलोकन

यसविधिको प्रयोगबाट अध्ययन अनुसन्धान कार्य गर्ने क्रममा शोधकर्ताले याखा जनजाति समुदायमा भएको वैवाहिक समारोहमा उपस्थित भई बेहुलीको साथी (लोकन्दी) का रुपमा प्रत्यक्ष विवाहमा सहभागि जनाई विवाहको सुरुवात देखि अन्त्य सम्म विवाहलाई नजिकबाट अवलोकन गर्नुको साथै सांस्कृतिक प्रकृया महत्व त्यसको विवाहमा अर्थ वा अनिवार्यता बारेमा सहभागि भई अवलोकन गरी  तथ्याङ्क संकलन गरिएको थियो ।  जसमा शोधकर्ताले याखा जनजातिको विवाह प्रकृया, संस्कार, रीती, संस्कारगत विवाह, पोशाक, उपभोग्य सामग्रीको प्रयोग र उपभोग आदिको अवलोकन विवाहभोजको कार्यक्रम र वैवाहिक कार्यमा उपस्थित भई  अवलोकन गर्ने कार्य गरेको थियो ।

### ३.५.२ असंरचित अन्तवार्ता

यस विधिको प्रयोगद्वारा अध्ययन अनुसन्धान गर्ने क्रममा शोधकर्ताले खराङ्ग गा.वि.सको याखा जनजातिको स्थानीय वृद्धा महिला, वृद्ध पुरुषहरुसँग उक्त समुदायको विवाहको संस्कारगत विवाह र वर्तमान विवाह अवस्थामा देखापरेका परिवर्तन र अन्य संस्कृतिको प्रभाव बारेमा कुराकानी र छलफल गरिएको थियो । जुन तथ्याङ्कलार्य शोधकर्ताले अध्ययन अनुसन्धान कार्यमा समावेश गरिएको छ ।

### ३.५.३ संरचित प्रश्नावली

यस विधिको प्रयोगबाट अध्ययन अनुसन्धानकर्ताले खराङ्ग गाविसको याख जनजाति समुदायको तथ्याङ्क संकलनका लागि प्रश्नावली निर्माण गरिएको थियो र उक्त प्रश्नावलीद्वारा व्यक्तिगत विवरण, धर्म, पेशा, व्यावसाय, विवाहको प्रकार, वैवाहिक रीति वा संस्कार र परिवर्तन साथै वर्तमान विवाहको प्रचलन र विद्यमान अवस्थाका बारेमा तथ्याङ्क संकलन गरिएको थियो ।

## ३.६ तथ्याङ्कको विश्लेषण

तथ्याङ्कको विश्लेषणले तथ्याङ्कलाई बोध गर्न तथ्याङ्कको सहायताद्वारा अध्ययन/अनुसन्धान गरिएको विषयमा प्रवेश गर्न र ती विषयहरुलार्य बोधगम्य गराउन सहयोग पुऱ्याउँदछ भने अध्ययन अनुसन्धानकर्तालाई सही निष्कर्षमा पुग्न र संकलन गरिएका तथ्याङ्क सही हो भन्ने कुरा बुझाउन संकलन गरिएको तथ्याङ्कले तथ्य विषयवस्तु हो भन्ने पुष्टी गराउन मद्दत गर्दछ । तसर्थ यस अध्ययन अनुसन्धानकर्ताले अध्ययन अनुसन्धानका क्रममा तथ्याङ्कको विश्लेषण मात्रात्मक विधिलाई मुख्य रुपमा अंगालेको छ । तथ्याङ्कको सही निष्कर्षमा पुग्न वर्णनात्मक/विश्लेषण आवश्यक हुन्छ ।

यस अधययन/अनुसन्धानमा विशेषत शोधकर्ताले मात्रात्मक तथ्याङ्कको प्रयोगलाई समाजशास्त्रीय दृष्टिकोणद्वारा सामान्यीकरण गरी विश्लेषण गरिएको थियो । संकलित तथ्याङ्कको प्रस्तुतीकरण ताालिकीकरणद्वारा गरिनेछ । जसलाई सामान्य तथ्याङ्कीय तकनिकीको प्रयोगद्वारा तथ्याङ्कको विश्लेषण गरिएको थियो ।

## ३.७ अध्ययनका सीमाहरु

प्रत्येक अध्ययन/अनुसन्धानका निश्चित सीमाहरु हुन्छन् । यस अध्ययन वा शोधकार्यको पनि सीमाहरु रहेका छन् जसका कारण अध्ययनको उद्देश्य सम्म पुग्न र उद्देश्य हासिल गर्न बाधा सृजना गर्छ । यस अध्ययनका सीमाहरुलाई बुँदागत रुपमा तल दिइएको छ :

क) यस अध्ययनले चैनपुर म.पाको किङरिङ (खराङ) गाउँको याखा जातिको विवाह प्रकृयालाई अध्ययन गरिएकोले यस क्षेत्र र सेरोफेरोलाई अध्ययन गर्दछ ।

ख) अनुसन्धानकर्ताको समय अभाव र कार्यक्षेत्रको अनुभव नहुनु र तथ्याङ्क संकलन र तालिकीकरण र विश्लेषण गर्ने क्षमता कम हुनु ।

ग) यस अनुसन्धान गरिएको विषय सम्पूर्ण याखा समुदायमा समान रुपमा लागू नभएको हुन सक्छ । यस अध्ययन गरिएको विषय विशेषत : अध्ययन क्षेत्रो गाउँको लागि मात्र लागू हुन्छ ।

घ) यस अध्ययन अनुसन्धान समाजशास्त्रीय खोज तथा अनुसन्धानका लागि तयार भएको हो । त्यसैले याखा जनजातिको विवाहको प्रकृया र परिवर्तनमा मात्र सीमित भएको छ । त्यसैले अन्य पक्षको यहाँ समावेश र चर्चा गरिएको छैन ।

ङ) जनजातिय समुदायमा शैक्षिक र सांस्कृतिक अर्न्तघुलनका कारण याखा जातिमा पनि विवाह अन्य क्षेत्रको परिवर्तन भए जस्तै विवाह प्रकृयामा पनि परिवर्तन देखा परेको हो ।

यी र यस्ता पक्षका बाबजुद पनि याखा विवाह प्रकृयाको विस्तृत र सांस्कृति पाटोको विश्लेषण गर्न अनुसन्धाकर्तालाई थप मद्दत र सहयोग प्राप्त हुनेछ ।

## अध्याय-चार

# याखा जनजातिको विवाह संस्कारको प्रकृया र परिवर्तन

## ४.१ अध्ययन क्षेत्रमा रहेका याखा जनजाति र तिनीहरुको प्रजाति

### ४.१.१ चैनपुर किङरिङ (खराङ) का याखा जनजातिहरु

किराँतहरुको मुख्य उत्पत्ति वा स्थानका बारेमा विभिन्न भनाईहरु रहेका छन् । भाषा र वर्णगत आधारमा किराँतहरुलाई भोट -वर्मेली भाषा परिवार अन्तर्गत भाषिक विशेषता भएको मानिन्छ भने जातियगत रुपमा मंगोलियन समुदायका मानिसहका रुपमा चिनिन्छ । त्यस्तै किराँतीहरुको बसोबास नेपालको हिमालय क्षेत्रमा सदियौदेखि रहेको मान्यता छ । (विष्ट १९६७) किराँत धर्मको धार्मिक ग्रन्थ मुन्धुम (किराँतको वेद) मा उद्धरित गरिएको छ की किराँतीहरुका प्राचीन राजा तिब्बतबाट नेपाल आएको उल्लेख छ । त्यसैगरी नेपालको इतिहासको अध्ययन गर्दा किराँतीहरुको बसोबासको मूख्य थलोको रुपमा यस क्षेत्रमा शताब्दीदेखि बस्दै आएको नेपालको विभिन्न इतिहासमा उल्लेख छ । विभिन्न हिन्दू ग्रन्थहरुमा पनि किराँतीहरुको बारेमा विभिन्न चर्चा गरिनु र किराँतीहरुको वर्णन गरिनुले किराँतहरु यस क्षेत्रका शताब्दी देखि यस नेपालको हिमालय क्षेत्रमा बसोबास गर्ने आदिवासी हो भन्ने प्रमाणित गर्दछ । (विष्ट) विभिन्न विदेशी अध्ययन/अनुसन्धानकर्ताहरुले पनि किराँतीहरुलाई हिमालय क्षेत्रको आदिवासी जनजातीको रुपमा लिएका छन् ।

नेपालको मध्यपहाडी भूभागमा बसोबास गर्दै आएका यस क्षेत्रको आदिवासीका रुपमा रहेका शारीरिक संरचना र भाषिक रुपमा इन्डो आर्यन भन्दा फरक देखिने यस जाती पहाडमा बसोबास गर्ने इन्डो आर्यन समूहका मानिसहरु भन्दा फरक तर पहाडमा बसोबास गर्ने भोट बर्मेली समुदायका मानिसहरुको भाषिक र शारीरिक संरचनासँग समानता छ । त्यस्तै समाजिक र सांस्कृतिक समानता पनि छ । तिब्बतबाट यस ष्ेत्रमा आए वा नआएको यकिन तथ्य नभएता पनि नेपाल एकीकरण पूर्व वि.सं. १८३१ भन्दा अगाडिको समय देखि अर्थात् आधुनिक नेपालको निमार्णपूर्व यस क्षेत्रमा किराँत जातिको बसोबास थियो यस अर्थमा यस जाति नेपालको पहाडी भूभागमा बसोबास गर्ने आदिवासी जनजाती अवस्य हो । किराँती समुदायमा विभिन्न सांस्कृतिक र भाषिक भिन्नता पाइन्छ । जसलाई सामाजिकीरकण र सांस्कृतिकरणले प्रत्यक्ष प्रभाव पारेको छ । तर पनि किराँती समुदाय भित्र पनै याखा, राई,

लिम्बू, सुनुवार आदिमा सांस्कृति र भाषिक समानता पाइन्छ । एकै प्रकारका भाषा, सांस्कृतिक कार्य संस्कार रीति आदिको अभ्यास समान खालको रहेको छ ।

याखा (किराँत) जनजातिको आफ्नो परम्परागत भौगोलिक क्षेत्रका साथै इतिहास छ । याखा जनजातिको उत्पत्ति कसरी भयो ? उनीहरु याखा कसरी भए ? भन्ने बारेमा यस क्षेत्रको अध्ययनका क्रममा प्राप्त सामान्य जानकारी यहाँ दिइएको छ । याक्खा शब्दको उत्पत्तिका सम्बन्धमा विभिन्न विद्वानहरुको विभिन्न मत रहेको पाइन्छ । याक्खा बोलचालको भाषामा पुरुषलाई याक्खावा र महिलालाई याक्खामा भन्ने गरिन्छ । याक्खा शब्दको उत्पत्ति कथन अनुसार याक्खा भाषामा याक्षाको अर्थ याक्सा अर्थात् टहरो, कटेरो, भन्ने हुन्छ । तत्कालीन समयमा पल्लो किराात क्षेत्रका किराँतवंशीहरुले याक्षालेन क्षेत्रमा याक्षा बनाएर बसोबास गरेका हुनाले र ती याक्षामा बसोबास गर्नेलाई याक्षा भनी बोलाउन थालेको हुनुपर्छ भन्ने भनाई छ । तसर्थ त्यस्ता याक्सामा बसोबास गर्नेलाई याक्षा अर्थात् याक्खा नामाकारण गरिएको मान्न सकिन्छ ।

आधुनिक नेपालको एकीकरणका क्रममा वि.सं. १८२५-१८३१ मा पल्लो किराँत राज्यको वास्तविक आधार फेरबदल भएपश्चात यहाँका आदिवासी याक्खा जनजातिलाई पदहरुको सृजना गरी जग्गा जमिनको जिम्मेवारी दिए । याक्षालेन क्षेत्रको चलअचल सम्पत्तिको स्वामित्व साथै जग्गा-जमिन उपभोग गरेबापत याक्खा जाति तथा गैरयाक्खाबाट रकम संकलन गरी गाउँ-गाउँका जिम्मावालले तत्कालीन चैनपुर इलाकामा मालपोत कार्यालयमा रकम बुझाउनुपर्दथ्यो । साथै गाउँघरका मुद्दामामिला समेत हेर्ने र फैसलासमेत गर्ने अधिकार दिइएको थियो । त्यसबेलादेखि मझियाहरुमा माझिया भन्न र लेख्न सुरु भएको हो । यसैगरी मझिया पदीय जिम्मेवारी पाउनेबाहेकका याक्खाले पनि नामको पछाडी जिम्दार (जिमी) लेख्ने गरेको पाइन्छ । यसैगरी हालको संखुवासभाको मादी राम्वेनी “पुअलुङ गाउँका एकजना याक्खालाई त्यसक्षेत्रको इलाकीय र प्रशासकीय पदमा काम गर्न देवानी पद दिइएको थियो । यसै देवानीबाट देवान थर लेख्न थालेको पाइन्छ । त्यतिमात्र होइन पुर्ख्यौली थलो छोडेर जाने याखाहरुको नाम पछाडी थरका रुपमा देवान लेख्ने गरेको पाइन्छ ।

### ४.१.२. जातिय थर/उपथर

याखाहरु विभिन्न जातिय थरहरुमा विभाजित छन् जसलाई प्रजातिय पनि भनिन्छ। जातलाई सामान्य थरमा वर्गीकरण गरिएको हुन्छ । नेपाली समाजमा जातका विभिन्न उपथरहरु हुन्छन् । जसले वंशावलीको रुपमा परिवारको प्राचीन रुपको संकेत गर्दछ । वंशावली नातासम्बन्ध र वैवाहिक प्रकृयाका लागि अत्यावश्यक हुन्छ। विवाह गर्न स्वजातीय भित्र गर्न हुँदैन त्यसैले थरको विशेष महत्व हुन्छ। याखा जातिभित्र ३५ भन्दा बढी थरहरु रहेको छ। .(रामजी) तर अध्ययन क्षेत्रमा विशेषत : दुईवटा थरका याखाजातिको बसोबास मुख्य रुपमा रहेको छ। जसमा खायाखिम र हेङवा जुन किङरिङ (खराङ) गाउँका स्थानीय थरहरु हुन्। थरले बुवा वा आमाको वंशलाई संकेत वा देखाउने कार्य गर्दैन साथै बुवा वा आमाको वंशमा जोड दिदैन। याखा जनजातिको थर र उपथरलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. २**

**याखा जनजातिको थर/उपथर**

| क्र.सं. | थर | सामुहिक उपथर (गोत्र) सामेत्लिङ | | उत्पत्तिको कथन |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| .१ | उ(इ)लुङबाङ | छोङछामि | युङखामा | उलुम = बीच, माझ = लुम्बाङ = माझघर, पाँचमझिया, थुमको एक माझ घरको नामबाट |
| २ | एलावा | छोङछामि | युङखामा | लावा = सातो गएर तर्सिएपछि धामीहरुले उसको सातो बोलाइदिनुपर्ने बताए अनुसार उसको सातो = उलावा बाट एलावा थर नामाकरण |
| ३. | ओक्तुहाङ्ग | सुसामि | निङखामा | ओक्मा = कराउनु, पाँच मझिया थुममा कराउने याखा वंशका लाई ओक्तुहाङ थर नामाकरण । |
| ४. | कोङरेन (ङ) | मेअ्लापा | नाखामा | याखा भाषामा कोङकु = डाँडा तेन/रेन = गाउँ बस्ती भन्ने हुन्छ, यो दशमझिया |

| | | | | |
|---|---|---|---|---|
| | | | | थुममा पर्ने याइतेन गाउँमा बस्ने । |
| ५. | कोयोङबा | काङछामि | केखामा | योङमा = लडाकु स्वभावको व्यक्ति, अरुलाई हल्लाउन सक्ने बलवान व्यक्तिबाट कोयोङवा नामाकरण । |
| ६. | कोम्फे | छोङछामि | युङखामा | कोप्मा = डुल्नु, कुनै ठाउँ डुल्नु, डुलन्तेको नामबाट कोम्फे नामाकरण भएको । |
| ७. | खाम्याङ | छोङछामि | युङखामा | याखा भाषा खाम = माटो, दशमझियाथुममा पर्ने मादी मूलखर्कको मटाइलो ठाउँमा बसोबास गर्ने याक्खाका एकवंशलाई खाम्याङ नामाकरण गरिएको । |
| ८. | खाएखिम | सुसामि | निङखामा | खा =यो खाद्य पदार्थ/ खिङ्ग यति भनेर अड्कल्न । यिनै शब्दका वार्तालाप गर्ने पाँच मझिया थुममा एक वंशको थर खायखिम नामाकरण गरिएको । |
| ९. | खुक्तिअवा | युङछामि | नाखामा | खुप्मा = बोक्नु, खुम्तिह्वा = उसले कुनै चिज बोकेर ल्याई सक्छ । पाँचमझिया थुमका एक याखाले कुने चिज बोकेर ल्याई सकेको हुँदा खुक्तिअवाथर नामाकरण गरिएको छ । |
| १०. | चारकोले | मेअ्लापा | नाखामा | मुग्लान जाँदा चारखोला भन्ने ठाउँमा पुगेर आएकोले भनी नामाकरण । |
| ११. | छाला | मेअ्लापा | नाखामा | याखाले कपडा नलगाइकन बसेको बेला गैह्र खस नेपालीबाट नामाकरण गरिदिएको । |
| १२. | छोङरेन ( सोङरेन) | छुङछामि | नुकामा | छोङ् = थर । रेन = बस्ती । याखा समुदायका केही थरहरु बाहुल्य भएको बस्तीका एक वंशलाई |
| १३. | तुम्यासोलोङ | छोङछामि | युङखामा | तुम्ना = जेठो, कान्छोबाट तुम्यासोलोङ |

| | | | | |
|---|---|---|---|---|
| | | | | नामाकरण । |
| १४. | थाइम | मेअ्लापा | नाखामा | तामा कतैबाट आउनु/ताइम =कतैबाट केही चिज ल्याउनु । |
| १५. | थोम्फरा | मेअलापा | नाखामा | याखा भाषामा थोम्मा = पानी जम्नु, पानी जमेको ठाउँ नजिक बसोबास गर्ने याखाको वंश |
| १६. | पिन्नुहाङ | छोङछामि | युङखामा | पिप्मा/दिनु/एक अर्काबीच लिनु दिनुबाट नामाकरण । |
| १७. | पअलुहाङ | छोङछामि | युङखामा | मादी राम्बेनी गाउँमा बसोबास गर्ने एक वंश । |
| १८. | माखारा | छोङछावा | थिङखा | मखुना = कालो अनुहार वर्ण भएको वंशका एक थरलाई माखारा । |
| १९. | मोरङहाङ | छोङछामि | युङखामा | मोअमोलाङ =तलतिर बसोबास गर्नेलाई मोरङहाङ थर नामाकरण । |
| २०. | याएम्बा | मेअलापा | नाखामा | याएम्बा = काम गरेर सिध्याउ । |
| २१. | लिंखा | लिंछामि | नुकामा | लिङ्मि = घर छाउने खरबारी नजिक बसोबास गर्ने एक वंशलाई । |
| २२. | लिम्वुखिन | मेअलापा | नाखामा | लाम्बु = बाटो, खिम = घर बाटो छेउमा बसने एक याखाका वंशलाई । |
| २३. | सोम्याङ | मेअलापा | नाखामा | सोप्मा = हेर्नु, हेर्ने कार्य गर्नेको एक वंश |
| २४. | हेङवा | खुङछामि | बेलामा | हेङवा खोला नजिकै बसोबास गर्ने एक वंश |
| २५. | होहाङवा | मेअलापा | नाखामा | हाङवा = महाशय, होहाङवा नामाकरणको थर । |

स्रोत : रामजी कोङ्रेन, याक्खा जनजातिको चिनारी, २०५७ ।

माथी तालिकामा याखा जनजातिको उपथर र सामेत्लिङको तालिकामा प्रस्तुत गरिएको छ । याखा जनजातिमा महिला र पुरुषको एउटै थर भएपनि भिन्ना-भिन्नै सामेप्लिङ हुने गर्दछ ।

याखा जनजातिको सम्बन्ध प्रकृति र स्थानसँग जोडिएकाले सोही आधारमा याखा जातिको थर र सामेत्लिङको निर्माण भएको छ ।

**किङरिङ (खराङ) गाउँका दुईवटा थरहरुलाई तल प्रस्तुत गरिएको छ :**

**क) खायखिम :**

किङरिङ (खराङ) गाउँमा सबैभन्दा बढी जनसंख्या खायखिमहरुको रहेको छ । यस जातिभित्र आफ्नै जातसँग विवाह गर्न हुदैन तर अन्य जातका याखाहरसँग भने विवाह गर्न हुन्छ । स्वजातिय वा जातिय विविधता याखा जाति समूह भित्र हुने गर्दछ । खायखिमहरु यस गाउँमा ६८ संख्यामा घरधुरी रहेका छन् । स्वजातिय विवाह वा हाडनाता करणी गरेमा समाजबाट वहिष्कार वा समाज निकाला गर्ने चलन छ । जसको निर्णय समाजको मझिया, जिम्मावालाद्वारा गरिन्छ । सम्पत्तिको हस्तान्तरण र सम्पत्तिमाथिको पूर्ण अधिकार घरको छोरालाई हुन्छ र घरको मूल व्यक्तिको मृत्यु भएमा सम्पत्तिको हक छोरामा स्वत जान्छ । त्यस्तै पितृस्थानीय र पितृसत्तात्मक परिवार भएको यस जातिमा सम्पूर्ण निर्णय बुवा वा छोरामा हुने गर्दछ ।

**ख) हेङवा :** हेङवा याखा जातिको प्रजातिगत थर भित्र पर्दछ । यस जातिले पनि स्व्जातयि विवाह गदैन साथै एउटै जातभित्र विवाह गर्नेलाई समाजिक वहिष्कार गर्ने गर्दछ । यस गाउँमा खायखिम पछि हेङवा थरका याखाको घरधुरी बढी छ । यस जाति हेङवा खोला नजिक बसने गरेकाले हेङवा भनिएको भनाई छ । हाल यो जाति खराङ (किङरिङ) गाउँमा लगभग ३३ घरधुरीमा अवस्थित छ ।

## ४.२ घरधुरीहरु

अन्य जनजातिहरुको समाजमा झै याखा जातिको समाजमा पनि घर वा बासस्थान एक महत्वपूर्ण र आधारभूत आवश्यकता हो जुन सबै जातिमा घर परिवारको विशेष महत्व हुने गर्दछ । याखा भाषामा खिम, हिम, वा पाङ्ग भन्ने गरिन्छ भने नेपालीमा घर भनिन्छ । घर शब्दले विशेष भवन वा वंगलाको अर्थ वा महत्व जनाउने गर्दैन तर सामान्य स्थानीय साधनस्रोतको प्रयोग गरी निर्माण गरिएको जातिय विशेषता भएको घर भने अवश्य हो । विशेषत : याखा जातिका घर परिवारभित्र विवाहित जोडी श्रीमान-श्रीमती, उनीहरुका

अविवाहित छोरा र छोरी बस्ने गर्दछन् । सामान्य हेराईमा, घरधुरीको अर्थ घर वा छाप्रो वा बसोबासको स्थान हुन्छ जहाँ मानिससँगै बस्दछन् ।

गोन्जाले ज (१९७९) वोहन्यान ले एउटा घरधुरी का सदस्यहरु एउटै छानामुनी बस्नेपर्ने उल्लेख गरको छन् । "घरधुरीलाई जनाउनका लागि घरेलु समूह, उत्पादन एकाई बजेट एकाई जस्ता अवधारणाहरुको समेत प्रयोग भएको पाइन्छ । घरधुरीलाई परिवारको प्रकार्यात्मक एकाइ भन्नाका कारण यसले गर्ने प्रकार्यले गर्दा नै हो । समाजशास्त्रीय आधारमा विभिन्न प्रकारका परिवार हुन्छन् । अध्ययन/अनुसन्धानका क्रममा अध्ययनका क्षेत्रमा निम्न दुई प्रकारका घरधुरीहरुको प्रकार तल निम्नानुसार छ :

१) एकल परिवार : १०६ घरधुरी मध्ये ८५ एकल परिवार

२) वृहत परिवार : १०६ घरधुरी मध्ये २१ वृहत परिवार

अध्ययन क्षेत्रमा विशेषत  याखा जातिका परिवारमा एकल परिवारका घरधुरी रहेको छ । आधनुकिनकराण्का कारण वा विभिन्न कारकतत्वहरुले गर्दा वृहत परिवारको घरधुरी संख्या न्यून मात्रामा रहेको छ । तर यस क्षेत्रका याखा जातिका वृहत परिवारको संरचनाको परिवार कम मात्रा रहेको र एकल परिवारका घरधुरीको बसोबास बढी मात्रामा रहेको छ । घर निर्माण गर्न अत्याधिक खर्च हुने र निर्माण सामग्री पनि महंगो हुने हुदा सामान्य छाप्रो  वा घर निर्माण गरी छुट्टै बस्ने गरी एकल परिवारको रुपमा बस्ने प्रचलन यस जातिमा बढी रहेको छ । जसले यस जातिमा एकल परिवारको विस्तार भएको छ । यस अध्ययन क्षेत्रमा याखा जातीमा प्रचलित ढुंगा र माटोको गारो लागई बनाइएक्रे दुई वा तीन तले परम्परागत घरहरु पराल/भूस वा जस्तापाताको छानो राखी निर्माण गरिएको घरहरु रहेको छ । ढुंगाा मोटोद्वारा निर्मित परम्परागत घरहरुमा सेतो चुनले घरको बाहिरी भित्ता पोतिएको हुन्छ भने रातो माटोले घरको भूई किनारामा पोतिएको हुन्छ । यस गाउँमा कुनै-कुनै घरहरु सामान्य गाउँका घरहरुभन्दा ठूला-ठूला पनि छन् । घरधुरी वा घरको बनावट सँगसँगै त्यस परिवारका व्यक्तिको आर्थिक, समाजिक, सांस्कृतिक हैसियत जोडिएको हुन्छ । उनीहरुको समाजमा विभिन्न साँस्कृतिक कृयाकलाप विहको भोज, आदीसँग घरधुरीको आकारको प्रत्यक्ष सम्बन्ध रहेको छ । अध्ययनका क्रममा अध्ययन क्षेत्रमा निम्न प्रकारका घरधुरी रहेको छ जनु तल दिइएको छ :

चैन्पुर (किङरिङ गाउँको घरधुरीको अवस्था

क)	एकल परिवार - ८५

ख)	वृहत परिवार - ४०

अध्ययन क्षेत्रको घरधुरीको बारेमा विस्तृत चर्चा र छलफल तल प्रस्तुत गरिएको छ ।

**क)	एकल परिवार**

एकल परिवार भन्नाले एउटा  अभिभावकीय परिवारलाई जनाउने गर्छ । यो साधारण नातेदारी बनावट अन्तर्गत पर्छ अविभावकीय परिवार अन्तर्गत महिला, पुरुष र अविवाहित बच्चाहरुको एकाई पर्छ । अध्ययनकर्ताले अवलोकनका क्रममा यस अध्ययन क्षेत्रमा एक परिवार अर्न्तगतका घरधुरी बढी रहेको छ । त्यसैगरी किङरिङ (खराङ) गाउँका घरधुरीहरुको अध्ययन अवलोकनका क्रममा बढी संख्या एकल परिवार रहेको सर्वेक्षणका क्रममा देखिएको हो ।

**ख)	वृहत परिवार**

वृहत परिवारमा सह-सम्बन्ध र सहयोगी भावनाको विकास भएको हुन्छ जुन एकल परिवारमा रहदैन । एउटा वृहत परिवारमा दुई वा तीनपुस्तासम्मका परिवारका सदस्यहरु एउटै घरधुरीभित्र रहेको हुन्छन् । जसमा  हजुरबुवा, हजुरआमा, बुहारी, छोरा, नाती, नातिनी, काका, फुपू, काकी आदी एउटै परिवारको रुपमा बसोबास गर्दछन् । यसप्रकारको परिवारको परिवार परम्परागत कृषि, पेशा, कृषि कार्य गर्न सहज हुने र बाल बच्चा हुर्काउन सहज हुने हुन्छ ।

याखा जातिको मुख्य पेशा कृषि भएकाले र परम्परागत कृषि औजारद्वारा खेती गर्ने गनाले अत्याधिक मानवीय श्रमको आवश्यकता भएकाले यसप्रकारको परिवार रहेको छ । तर वर्तमान अवस्थामा वृहत परवारको धाराणा क्रमश न्यून मात्रामा रहनदै आएको छ । अध्ययनका क्रममा अध्ययनकर्ताले ४० वटा यसप्रकारको घरधुरी अध्ययन क्षेत्रमा रहेको पाइयो ।

अध्ययन क्षेत्रको माथी उल्लेखित दुई प्रकारका परिवारमा पितृसत्तात्मक र पितृपंशीय परिवार रहेको छ । तर पनि छोरीलाई घर परिवारमा निर्णय भूमिकामा पूर्ण अधिकार हुन्छ । यस समुदायमा वंशीय परम्परा घरमा पुरुषको वा बुवाको जा वा थर अनुसार निर्धारण गरिन्छ । साथै बालवच्चाको जातको निर्धारण पनि बुवाको वंश नामका आधारमा बाच्चामा हस्तान्तरण र जातको निर्धारण हुन्छ नकी आमाको थरका आधारमा पितृसत्तात्मक परिवारमा छोरीलाई विवाह गरी उसको पतिको घरमा सदाका लागि पठाइन्छ र बुवाको सम्पत्तिमा छोरीको अधिकारलाई बञ्चित गराइन्छ । विवाह पश्चात छोरीको माइतीघरको अधिकार खोसिन्छ । जुन याखा समुदायको पितृसत्तात्मक परिवारको ढाँचामा प्रयुक्त अभ्यास रहेको छ ।

## ४.३ वंशज

जातभित्रको विभिन्न वृहत स्वरुपको जाति समूह हो जुन पुस्ता-दरपुस्ताको निरन्तर विकास पश्चात एउटा समूहमा विभक्त हुन्छ जुन वंशज कहलाउछ । अध्ययन क्षेत्रमा एकै घरका दाजुभाईहरुका रुपमा रहेका तर परिवारको विकासका क्रममा भिन्ना-भिन्नै रुपमा बसोबास गर्ने र साझा संस्कृति, रीति, पुजा, आजा आदी एकै स्थान (कुल) मा रही गर्ने ठूलो वा सानो वंशज सदसयहरु जो पितृसत्तात्मक, संस्कृति, भाषा र पितृपुजाको रुपमा एउटै रुपमा मान्ने गर्दछन् । एकै वंशजका परिवारमा घरका कोही सदस्इको मृत्यू भएकमा घरका अन्य सम्पूर्ण सदस्यहलाई जुठो लाग्छ  वा वंशजभित्रका सम्पूर्ण व्यक्तिले मृतव्यक्तिको जुठो बार्नुपर्ने चलन हुन्छ । वंशजभित्रका सम्पूर्ण व्यक्तिले जुठो बार्नुपर्छ । याखा समुदायमा मुत्यु भएमा जुठो बार्ने प्रचलन यदी केटाको मृत्यु भएमा चार दिन र केटीको मृत्यु भएमा ३ दिन जुठो बार्नुपर्छ । जुठो बारी सकेपछि सम्पूर्ण वंशजका सदस्इहरु केटाको मृत्यु भएको भए चरा दिनमा नुन, तेल छुने र चोखिने कार्य हुन्छ । भने केटीको मृत्यु भई चोखिने कार्य गर्नुपर्दा तीन दिनका दिन सम्पूर्ण वंशज सदस्यहरु भेला भई नुन तेल छौय शुद्ध हुने परम्परा छ । शुद्ध भइसकेपछि मासु, नुन तेलमा पकाएको खाना खन हुन्छ । साथै नुनतेल छोइ चोखिएक्ो दिन मृत्यु संस्कारमा मलामी जाने सम्पूर्ण छर-छिमेकलाई समेत बोलाई मलाममी चोख्याउने र मृत व्यक्तिको नाममा भोजको आयोजना गरी मलामी चोख्याउने कम हुन्छ । जुन माङहाङबा  निखुवा, ताखवाले शुद्धाईको मुन्थुम बाचन गर्दछ शुद्धाई गरिनुअघिसम्म शोकाकुल परिवारमा भेटघाट गर्न जाने र साथमा जुठो बार्दा खान हुने खानेकुरा प्रायः

जाडरक्सी, चमल, फलफूल लाने चलन हुन्छ । यसरी भेट्न जाने र खानेकुरा लगिदिने प्रकृयालार्य तुआङमा भनिन्छ । माङहाङबा हुने व्यक्ति कुटुम्ब वा फरक सामेत्लिङ भएको व्यक्ति हुनुपर्दछ ।

जुठो बार्न बसेका घरभित्रका व्यक्ति अन्य जातिका मानिसहरुसँग बोल्न वा छुन हुदैन तर एउटै जातिभित्रका व्यक्तिहरुसँग बोल्न र छुन हुन्छ । त्यस्तै जुठो परेपछिी परिवारका सदसइभित्र शुभकार्य, विवाह र अन्य रीतिरिवाज शुद्धाई नभएसम्म गरिदैन ।

याखा  समुदायमा छोरीको विवाह गर्रिदिएको तर छोरीलाई माइतीबाट बागदाता नदिइएको वा नलिइकन छोरीको मृत्यु भएमा छोरीको माइतीपट्टिको घरमा जुठो पर्छ । बागदाता भनेको विवाह प्रकृयाको अन्तिम रुप हो जुन बुवाको जातलाई ज्वाईको जातमा बदल्ने वा हस्तान्तरण गरिन्छ । यद यस कार्य नगरी विवाहित छोरीको (केटी) मृत्यु भएमा र विवाहित छोरकिो बालबच्चा भएपनि केटीको नलिईकन विवाहित छोरीको मृत्यु भएमा लासलाई नचलाईकन बागदता माग्न ज्वाई छोरीको (श्रीमती) माइती जानुपर्छ । बागदाता माइती पक्षलले ज्वाईलाई दिइसकेपछि लासलार्य कपुरथान बनाई राख्ने वा जलाउने आदी गरी अन्त्येष्टी  गरिन्छ र यसर बागदाता नलिएको तर लासलाई गाड.नु वा राख्नु भन्दा अगाडी लिइसकेपछि पछि भने माइतीपक्षलाई जुठो लाग्दैन र छोरीलाई विवाह गरी दिइएको घरमा नै जुठो बार्ने चलन छ । मृत्यु संस्कारलाई चोख्याउदा वा शुद्धाई गर्ने क्रममा याखा समुदायमा रक्सी र जाँडको विशेष भूमिका हुन्छ र यस शुद्धाई कार्यमा माङहाङले विशेष भूमिका निर्वाह गर्दछ । त्यस्तै घर सफा गर्ने खानेकुरा बनाउने बाड्ने काम फरक थरका कुटुमहरुले गदृछन् । बर्खान्त गर्ने काम वर्ष दिन वा शुद्धाई गरेकै दिन पनि फाराक गरी छाम्बाद्वारा वर्खान्त गरिन्छ ।

## ४.४   ऐतिहासिकताका आधारमा याखा जनजातिको विवाह प्रकृया

याखा जनजातिको वर्तमान मागी विवाह प्रकृया पूर्वको अध्ययन  :

यहाँ अनुसन्धानकर्ताले याखा जनजातिको परम्परागत विवाह संस्कार ऐतिहासिकताका आधारमा यस अधययन क्षेत्रमा बृद्धबृद्धा सँगको अर्न्तवार्ता का आधारमा प्राप्त सूचनाहरुलाई प्रस्तुत गरिएको छ । ती प्राप्त सूचना र वृद्धवृद्धा व्यक्तिको भनाईलाई नै याखा जनजातिको

ऐतिहासिक वा परम्परागत विवाहका रुपमा यहाँ प्रस्तुत गरिएको छ । सहभागीका अनुसार याखा जातिमा मागी विवाह अत्यन्त बढी प्रचलित र महत्वपूर्ण मानिन्छ । विवाह गर्ने उमेर उपयुक्तः भएपछि छोराका लागि केटी हेर्न सुरु गरिन्छ । केटी माग्ने निर्णय केटाका अभिभावकलगायत घरपरिवार सबैका सल्लाहले गरिन्छ । केटी हेर्दा आफ्नो कुलको इज्जत र केटीको घरको इज्जतमाथि पनि विशेष विचार पुऱ्याई नातागोता केलाउन जान्ने पुर्ख्यौली कुराहर पनि जान्ने एकजना लमी छनौट गरिन्छ र केटीपक्षमा पनि एकजना लमी ( लिमदाङया) हुन्छ । विवाहको लागि सकरात्मक जवाफ आए वा कुराकानी पश्चात केटीको घरमा बाबु आमालाई बक्स्यौनी स्वरुप रु १ राखिन्छ । याक्खा रीतअनुसा चारबोतल रक्सी पनि राखिन्छ । त्यसपछि लिमदाङयाले भने अनुसार "सुनौली -रुपौली बझाइदिन्छ । केटाले केटीलाई ढेत्तालुङ (चिनोस्वरुप पैसा) दिन्छ । यसरी दिँदा केटीको हातमै राखिदिन्छ । यति भइसकेपश्चात् भलापञ्च (हाङतुम्याङ) हरुले समर्थन गर्छन् ।

खुशियालीमा त्यो रक्सी त्यहीका साक्षी भलापञ्चहरुले सेवन गर्ने गर्दछन् । त्यसपछि अब विहाको दिनकहिले तोक्ने ? भनेर सोधिन्छ । विहेको दिन निश्चित गर्न लिमदाङया आउने भनिन्छ ।

विवाहको दिन तोक्न लिमदाङया निश्चित दिनमा केटाको घरमा अउँछ र विवाहको दिन तोकेर खानपिन गरी फर्किन्छ । तोकिएको दिनमा केटी लिन आउने टोली लिम्दाङयाको घरमा अउँछन र त्यस टोलीमा बेहुला, लिमदाङया साथी, योगी र एकजना बुढापाका पनि रहन्छन् । यसरी टोली निर्माण गर्दा जोडी संख्यामा मानिसहरु रहनुपर्दछ । माइतीबाट बेहुली अन्साउँदा त्यो दिन बेहुलीको इच्छानुसार कम्तीमा १५ जनासम्म लोकन्दी लाम सक्छिन् । त्यसमध्ये त्यहाँ लोकन्दीलाई नेतृत्व गर्ने एकजना निकै बाठीपाकी, लोकन्दी नेतृ (लोकन्दीहाङमां हुन्छे । उनको निकै सम्मान हुन्छ । बेहुली अन्माएर लगेपछि बेहुलीको टोली एकैचोटी बेहुलाको घरमा भाउँदैन । बेहुलाको घरनजिकै बेहुलाको कुटुम्ब पर्नेको घरमा वा नजिकै थर्पु (क्याम्प) बनाई राखिन्छ । त्यहाँ, बेहुलीलाई गरगहना, लत्ताकपडाले सिङगारेर सजायन्छ । बेहुलालाई पनि आफ्नो घरबाट सिङगारिएर खुब ठाटिएर बेहुली राखिएको तर्फ लगिन्छ । यसक्रममा केइ (च्याङ घुम्बा) र अनय बजागाजाका साथ बन्दुक पड्काउदै, सहयोगीले छाता ओडाउदै ठूलो जन्ती बेहुली लिन जाने गरिन्छ । त्यो दिन बेहुलाको पोसाकमा सेती दौरा, सेतो सुरुवाल, सेतो पटुका, हात्तिको हाडको बीड भएको खुकुरी

सजाएको, कोठी मुढा चन्द्रहार, सुनको कण्ठा, मुगाको माला, शिरमा सेतो फेटा, दुबोको माला, दोङछोङ चरीको पुच्छरको पुङपुङ, फेरबन्दी हातमा तरबदर ढाल्ने सजिएको हुन्छ । बेहुली राखिएको ठाउँमा पुगेपछि पञ्चकन्या कलश, फूलमाला र सगुन लिएर बेहुला र जन्तीको अगाडि उभिन्छन् ।

त्यसपछि बेहुलीले बेहुलालाई माला लगाई दिई ढोगिदिन्छे भनि बेहुली राखिएको घरबाट बेहुली लिएर साइत अनुसारको बेहुलाको घरमा पुऱ्याइन्छ । बेहुलाको घर आगनमा पुगपेपछि सारा स्वगातार्थी र रमितेहरुले फूल र दहीमा अछेताले बेहुला-बेहुली र जन्तीलाई पर्सिन्छन् । गाउँका नक्कले ठिटाहरुले धेरै-धेरै अछेता लिएर छानी-छानी लोकन्दीलाई नविर्सने गरी हिर्काउने गर्दछन् । त्यो नयाँ माया-प्रेमको शुरुवात र अर्को नयाँ विवाहको वीजारोपन पनि हुनसक्छ ।

बेहुला-बेहुली घरभित्र पसिसकेपछि जेठानी, देवरानी आई चिण्डोको जाँड र अदुवाले चोख्याउछन् । रातो हरिया फोप्मा (बर्को) ओड्याउछन् र अङगाला हालेर प्रेम प्रीतिसहित डोऱ्याउँदै घरको प्रवेशद्वार सम्म ल्याउँछन् । त्यहाँ बेहुलीको बोजू सासू, काकी सासू, फुपू सासू, बढी आमा सासू र गाउँका मान्ने बुढीपाकीहरुले गच्छेअनुसारको सुनचाँदी, गहना, पैसा, असर्फी जस्ता उपहार बेहुलीलाई दिदै टिका लगाई दिएर आशिक (नुसाला) दिन्छन् । बेहुलालाई पनि टिका लगाई दिदै आंशिक दिन्छन् । त्यसपछि, बेहुलाकी आमाले लाने काम गरिन्छ । त्यसबीचमा खोलोङवा (पाहुनापात) निम्तालुहरु, गाउँघरका सम्पूर्ण उपस्थितजनहरुलाई खाद्यपरिकार खुवाउने, लोकन्दीहरुलाई सत्कार गर्ने, बेहुला-बेहुलीका साथै जन्तीलाई पनि सत्कार गरेर खानपिन गरिन्छ । त्यहाँ पनि गाउँका झिल्केहरुले भान्से भएर लोकन्दीलाई धेरै भात, मासु, तोङबा जस्ता  चीजहरु राखिदिएर लाज मर्नु बनाइरहेका हुन्छन् । खानपिनपछि लगातार बाजा बजाउने केइलाक (च्याब्रुङबा) नाच्ने, चाबाकलाक (धान नाच्ने) रमाइलो गर्ने कार्यहरु भैरहन्छन् । विवह भोज सकिए पश्चात् अर्थात ५-६ बजेतिर बेहुलालार्य याक्खा, बुढापाका, भद्रभलाद्मी माङहाङवाहरुमध्येबाट एक जनाले आशिष दिने चलन छ । आशिष दिदा विभिन्न उखान, टुक्का जोड्ने गरिन्छ । विवाहघरको आगनमा बेहुलालाई घरपट्टि फर्काएर निजलाई छाता ओढाउने साथी लोकान्तासहित आसन ग्रहण गराउने कार्य हुन्छ । उक्त स्थानमा खाने पदार्थ (१ बोतल रक्सी, जाँड, मासु) आदी बुढापाकालाई राखिदिएपश्चात् बेहुलालाई बुढापाकाले आषि दिने चलन  छ । त्यसबेला

विशेषगरी भद्रभलाद्मी मध्येका एकजना जानकार याक्खाले शुभ-विवाहको तिथि-मिति,समय र स्थान उल्लेख गरी बेहुलाका पुर्खाहरुको नाम थाहाभएसम्मको नाम काढेर बेहुलाको नाम काढेर तिमी? फलाना, फलानो पनाति, फलानाको नाति फलानाको छोरा १० मिहिना कोखमा, १२ महिना काखमा खेल्यौ यति उमेर (बेहुलाको) वर्षका भयौ, बढ्यौ, आज तिमी उमेर पुगेर उमेरदारी भयौ भन्दै आशिष दिने कार्य सुरु हुन्छ । अरु भद्रभलादमीले भयो है भन्दै सही थप्छ यो अछेता र दुबो बेहुलाको साथीको सहयोगमा गट्टी घरभित्र लगी बेहुलीको हातमा थमाइन्छ । यो प्रक्रिया धेरै लामो र महत्वपूर्ण हुन्छ । त्यसपछि त्यहाँ राखिएको खाद्यसामग्री सगुन अचार  आर्शिवाद दिनेहरुले बाढीचुढी खाई समाप्त गर्दछन् । वेहुलाको साथीले केकपिखुवाले दिएको आर्शिवादको प्रतिस्वरु उसको पछ्योरामा बाधिदिन्छ । सोही चिज बेहुलीको पछ्यौरीमा सारेर पुनः बाधिदिन्छन् । त्यसपछि   शुभलगन गर्ने चलन छ शुभलगनमा, कुखुरा, नाङलो, थाल, केराको पात जाँडको चिण्डो आवश्यक पर्दछ । केटाले ( बेहुला) चार पटकर वेहुलीले तीनपटक कुखुराको भाले र पोथी सुम्सुमाउछन् र शुभलनको आयोजना    माङवाहाङले गर्ने गर्दछ । त्यसको भोलीपल्ट केटीको घर वा माइतीका रीत पुऱ्याउन बेहुला-बेहुली र जन्तीसहीत बेहुलीको घर जाने चलन छ । बेहुला घरमा जादा-जादै रात पर्ने गरी राखिन्छ त्यसमा एकमाना रक्सी र एउटा फेवालिङ चढाइन्छ । वासको व्यावस्था भएपछि सामदाङया र लिमदाङयाका साथै बुढापाकाहरुले आपसमा भेटेर चारकलम फर्नाली र अन्य रीतका बारेमा कुरा गरी रीत बुझाइन्छ ।

यस रीतमा केटापट्टिले निम्न सामग्रीहरु कोशेली स्वरुप लैजानु पर्दछ :

क) होङडुप : सिङ्गो सुगर सफा गरेको, रक्सीको ड्रम, मासुको पेरुङगो, अचार आदी

ख) एउटा मूल फेवालिङ (पैरङगो) मानअनुसार केही आवशयक पेरेङगोहरु

ग) चारकलमका लागि चार रुपैया

घ) लिम्दाङयलाई एकमाना रक्सी, रु १ र एउटा फेवालिङ

ङ) चोरी विवाह हो भने रुपौली र सुनौली पनि

च) फर्नौली : रु. १, एकमाना रक्सी, एउटा फेयालिङ (जिम्मावालाई चढाइन्छ भने रु १ एकमाना रक्सी र एउटा फेवालिङ बुढापाकालाई ।

रु. १, एकमाना रक्सी र एउटा फेवालिङ माङहाङवालाई

माथी दिइएको रीति र परम्पराको सूची अध्ययनको क्षेत्रको सहभागीको भनाईका आभारमा लेखिएको हो । उनहिरु ले यस विवाहको  सांस्कृतिक बारेमा धेरै बताए पनि ती सम्पूर्णलाई यस अध्ययन अनुसन्धानमा समेटिउको छैन । समयक्रमसँगै रीति र परम्परामा केही परिवर्तन आएको तर रीति र संस्कृति निरन्तर अगाडि बढेको उल्लेख छ । वर्तमान समयमा रीति र संस्कृतिक पद्धतिका साथै याखा विवाह प्रकृयामा परिवर्तन विस्तारै भएको छ ।

## ४.५ विवाहको सामान्य प्रकारहरु

### ४.५.१ मागी विवाह

मागी विवाह वर्तमान याखा समुदायको सांस्कृति रीतिमा आधारित मुख्य विवाह हो । किङरिङ गाउँका विभिन्न प्रकारका मागी विवाहको अभ्यास भएको पाइन्छ । धेरै औपचारिकताहरुलाई मागी विवाहमा पूरा गर्नुपर्ने हुन्छ जब घरमा छोराको विवाह गर्ने उमेर वा वयस्क उमेरमा प्रवेश गर्दछ त्यसपश्चात गाउँका एकदुईजना बुढापाकासहितको टोली विवाहका लागि केटा सहित कुनै अर्को गाउँ वा अर्को जिल्ला जाने गर्दछन् । यस केटी माग्ने सम्पूर्ण समूहलाई नेतृत्व गर्नेलाई साम्दायङ भनिन्छ । जुन याखा भाषामा केटापक्षको लमी भनिएको हो । याखा जातिमा नजिकको साइनो नलाग्ने याखा जातिभित्रका अन्य घर रा सामेप्लिङ भएको केटीलाई विवाह गर्ने चलन छ केटी माग्ने गाउँमा पुगेपछि गाउँका कुनै नजिकको नातेदारको घरमा गई गाउँमा विवाह गर्ने उमेरको केटी भए वा नभएको भनी सोधी खोजी गरिन्छ र कतै गाउँमा विवाह गर्न योग्य उमेरकी केटी नजिकै गाउँभित्र भएमा वा ६ भने त्यसतर्फ वा केटीको घरमा गई लमीद्वारा केटीको अभिभावकसँग कुरा राख्छन् । यदी केटीतर्फको अभिभावक छोरीको विवाह गर्न राजी भएमा केटीका अभिभाचवकले स्वागत र सत्कार गर्ने चलन छ । छोरी चेलीलाई दिने निर्णय गरिसकेपछि केटाले केटी पक्षका घरपरिवार मान्यजनलाई बोतलमा रक्सीका साथ ढोग भेट गरी विवाहको तिथिमिती निश्चित गर्ने कार्य हुन्छ । यसरी विवाह गर्ने निश्चित निर्णय भएपश्चात केटी पक्षका अभिभवकलाई बुझाउनुपर्ने रीत र संस्कार सुनौली रुपौलीका बारेमा समझदारी हुन्छ । विवाहको मिति र समय तोकी केटापक्षको समूह घर फर्कन्छन् । याखा जातिमा केही दशक पहिलासम्म केटाको घरमा नै विवाह गर्ने चलन परमपरागत संकार भएता पनि हिजोआज पहिलो बेहुलीको घरमा नै विवाह सम्पन्न गनै र त्यसपछि बेहुलाको घरमा विवाह गर्ने चलन पनि व्याप्त छ ।

परम्परागत विवाहमा विवाह हुनुभन्दा ठीक दुई दिन अघि बेहुलीको घरमा बेहुला र लमीसहित ४ देखि ६ जनासम्म गई बेहुली लिन जान्छन् र बेहुलीका दाजुभाई र साथी सहीत २ देखि ४ जनासम्म लोकन्दीका रुपमा बेहुलीसहित बेहुलाको घर आउने गर्छन् । त्यसपछि बेहुलाको घर नजिकै बनाएको अस्थायी टहरा बनाएर बस्ने व्यावस्था बेहुली र लोकन्दीलाई गरिएको हुन्छ । लोकन्दीको स्वागत जाँड-रक्सी अचार आदीले गर्ने गरिन्छ । अस्थायी टहरामा स्वागत र बसनका लागि बेहुलाको घरको मूलीद्वारा लोकन्दीका वृद्ध व्यक्तिलाई (नेतृत्वकर्ता) अनुरोध गरिन्छ र अनुरोध स्वीकार गरी लोकन्दीहरु सोही अस्थायी टहरामा बस्दछन् । लोकन्दीलाई जाँड, मासुको परिकार, अचार रक्सी तोङवा दर्ने चलन छ । त्यसपछि लोकन्दी बसेको ठाउँ नजिकै लगि राँगा वा खसी देखाउने गरिन्छ र त्यही राँगा वा खसी काटी लोकन्दीलाई त्यसको मासु पकाएर भोजन (भोजमान) गर्न दिइन्छ । यो रीत वा संस्कार दुई परिवारको सहमतिमा (बेहुला-वेहुलीको तय भएको हुन्छ ।

विवाहको दिन विवाह घरमा पञ्चेबाजा बजाउने र केइलक नाच्ने गरिन्छ । अस्थायी टहरामा बेहुलाको घरभन्दा केही पर बेहुलीलाई दिइने कपडा र गरगहनाहरु लमी मार्फत् लोकन्दीलाई हस्तान्तरण गर्ने प्रचलन छ । त्यसपछि बेहुलीलाई लोकन्दीले सिगार्ने गर्दछन् । त्यही समयमा बेहुलाको घरमा बेहुलाका आफन्तले सिंगारेर, आमा बुवालगायत आफन्तहरुले शुभकामना र बधाई दिदै दहीमा मुछेको अक्षताले टीका लगाई दिइन्छ । केटाले (बेहुलाले) विवाहमा दौरासुरुवाल, ढाकाटोपी, फपपेटा, लवेदा लाक्पाई, चादीको चन्द्रहार, कण्ठ फूलमाला, टीका लगाई दही खुवाएर विवाहको शुभ-साइत गरिन्छ । बेहुलालाई बेहुलाको साथी भाई पर्नेले छाता ओढाउने गर्छ र बेहुलाको सासथीलाई पनि टीका, फूलमामाल लगाइदिने गरिन्छ । त्यसपछि बेहुला सहितको जन्ती बेहुलीको अस्थयी टहरा तर्फ बाजा, ढोल बजाउँदै, बन्दुक पड्काउँदै बेहुली लिन पुग्छन् । लोकन्टीहरुले बेहुला लगायत जन्तीमा सहभागी सबैलाई अक्षताले पछिन्छन् । त्यसपछि बेहुलीले बेहुलालाई दुवाको माला लगाइदिने र टिका लगाई (अक्षताको) त्यसपछि बेहुलीले आफ्नो जीवनसङ्गी मानी स्वीकारेर बेहुलाको गोडामा ढोग गर्ने चलन छ । साथै बेहुलाले वेहुलीलाई सुनको औठी लगाईदिने गर्छ । लोकन्तलि पनि बेहुलाको साथीलाई फूलमाला लगाइदिने चलन छ । त्यसपछि बेहुला, बेहुलीलाई अगाडि लगाएर जन्ती, ढोल्के, पञ्चेबाजा बजाउनेहरु बाजाबजाउँदै घर फर्कन्छ । विवाह घरमा आइपुग्दा बेहुलीका जेठानी पर्ने दुई महिलाले अदुवा चपाउदै केराको पातमाथि दुइवटा चिण्डोमा राखिएको जाँड र शुद्ध पानी बेहुलीको

अगाडि राखेर शिरदेखि गोडा सम्म छर्कन्छन् अदुवा चपाउनुको कारण शुद्ध विचारले शुभकामना व्यक्त गर्नु हो ।

विवाह भोजको थालनी बेहुला र बेहुलीले सुरु गरेपछि मात्र अन्य आमन्त्रित वा निमन्त्रणा गरिएकाले गर्दछन् । बेहुला-बेहुली घरको आगमा ल्याइ पुऱ्याएपछि दुवै जनालाई राखी बसाइन्छ । बेहुली बाया र र बेहुला दायाँ तर्फ बस्छन् । त्यसपछि बेहुला बेहुलीलाई नातेदार बुढापाका, महिला आदिद्वारा टीका लगाउने कार्य सुरु हुन्छ । बेहुलीलाई टीका लगाई ( अक्षताको) पछ्यौरी ओडाउने गरिन्छ । त्यसपछि बेहुलाको आमाले पहिले छोरालाई अनि बेहुलीलाई सगुनका रुपमा दही खुवाउने कार्य हुन्छ । त्यसपछि घर भित्र्याउने क्रममा बेहुलीलाई मूलढोका ढोग्न लगाई बेहुला र बेहुलीलाई घर भित्राउने चलन छ । भित्र्याइसकेपछि बेहुला-बेहुली र लोकन्तीलाई बस्ने व्यावस्था मिलाइन्छ । घर भित्र्याईसकेपछि साँझपख भएपछि बेहुलालाई याक्खा, बुढापाका, भद्रभलाद्मी, माङवाङहरु मध्येबाट एकजनाले आशिष दिने चलन छ । त्यसको केही समयपछि शुभ-लगनको कार्य हुन्छ । याखा जातिमा बाह्रै महिना सातैबार शुभविवाहका लागि उपयुक्त मानिन्छ । याखा विवाहको शुभ-लगन माङवाहाङद्वारा गरिन्छ जुन याखा जातिको पुजारी हो । शुभ लगनको निश्चित समय तोकिएपछि वेहुला-वेहुलीलाई सँगै राखिन्छ र अन्य व्यक्तिहरु पनि पुजारीको आमुन्ने सामुन्ने हुने गरी बस्दछन् । जसका लाीग २ (दुई) जोर केराको पात, एकजोडी भाले पोथी कुखुरा, तोङवा, रक्सी, राँगा वा सुँगरको करङ्ग वा खुट्टा एक जोडी कलशमा पानी, दुईवटा चिण्डोमा जाँड राखेर चिण्डोको मुख केराको पातले वेरेर बुच्याइन्छ । त्यसपछि खानाको परिकार सहित तोङवा, पिपा आदीलाई नाङलोमा राखिन्छ । त्यसपछि मूलढोका लगायत सबै ढोका बन्द गरी घरभित्र बेहुला-बेहुली लगायत भद्रभलाद्मीका सामुन्ने नाङलामा तयार गरिएको सामग्री राखी घरभित्र मूलढोकामा शुभ लगत गर्न बस्छन् । त्यहा उपस्थित दुई फरक थरका याखा बन्धुले नाङलोमा राखिएको सामग्री चार फनको अगेना वरिपरि घुमाउदै नवदम्पत्तिलाई शुभ आशिष दिने गर्छन् । शुभलगन हुनुभन्दा अगाीड लोकन्ताले बेहुलालाई भाले कुखुरा चार पटक र बेहुलीलाई पाथी कुखुरा तीन पटक पुच्छरतिर सुम्सुम्याउन लगाउँछन् । त्यसपछि माङवाहाङले शुभलगनको घोषणा गर्छन र मुन्थुम भन्न सुरु गर्छन् र मुन्थुम वाच पछि कुखुराको जोडीलाई समाति पालैपालो लट्ठीले हिर्काएर माङवाहाङले मार्ने गर्छ । मारिएको कुखुराको रगत केराको पातमा राखि चढाउने गरिन्छ । त्यपछि त्यसैवेला बेहुलाले बेहुलीलाई तीनपटक सिन्दूर टाउकोमा लगाइदिने गर्छ ।

कुखुराको रगतबाट माङवाहाङले बेहुला-बेहुलीको जोखना हेर्ने चलन छ । शुभ लगन सकिएपछि केइलाइ (च्याङघुम्वा) नाच्ने रमाइलो गर्ने सबैजना सहभागी हुन्छन् । बेहुलीपट्टिका लोकन्तीहरु केइलाक नाच्ने ढोल बजाउने, आदी गरी रमाइलो गर्छन् । त्यसपछि बेहुला-बेहुलीलाई साइनो फेर्ने र ढोग्ने कार्य सुरु हुन्छ । रु. १ र फूलपाती राखी साइनो अनुसार ढोग्ने र चिनजान गराइन्छ । बेहुलीले साइनोमा ठूलो पर्नेलाई ढोग्ने वा नमस्कार गर्न लगाई नातासम्बन्ध कायम हुन्छ त्यसपछि भोलिपल्ट विहान बेहुलीले घरबाहिर पेटी र घरभित्र समेत लिपपोट गर्ने चलन छ । साथै घरवरिपरि सफा गर्ने बढार्ने काम हुन्छ । त्यसपछि घर अगाडि आगनमा बेहुला र बेहुलीलाई राखी आर्शिवाद दिने चलन छ । नवदम्पत्तिले पछ्यौरीमा आशिष थाप्ने गर्छन् र बेहुलीले पछ्यौरीमा थापेको फूलपाती घरको माथिल्लो तलमा राखएको ढुकुटीमा राख्न लगाउन बेहुलाकी आमा वा बेहुलाले डोऱ्याएर बेहुलीलाई लग्ने गर्छ । यसरी भकारीमा आशिषका रुपमा दिइएको फूलपाती राखेरमा अन्नको सह सधै रहीरहने विश्वास गरिन्छ ।

विवाहमा सहभागी सम्पूर्ण नातेदारलाई तोङवा, मासु, जाँड आदी दिइन्छ र खाना र विभिन्नपरिकार परिकार  पनि दिइन्छ । त्यसपछि बेहुलीको घरमा जन्ती जाने चलन छ । जन्ती जादा वेहुला-बेहुलीको साथी, लोकन्दी सहित जाने गर्दछन् । जन्ती जाँदा एउटा होङत्रुक (डोलो सुँगुर) रक्सी, जाँड, सेलरोटी, अचार, चिउरा विभिन्न परिकारहरु आदी लग्ने चलन छ । साथै बेहुली घर आइपुगेपछि द्वारपालेले बाटो छेकि जन्तीलाई भित्र पस्न अनुमति दिदैन त्यसपछि बेहुलाले रु. ५ र एक बोतल रक्सी सहित एउटा फेवालिङ दिई बास मागनी गरिन्छ । त्यसपछि बेहुला पक्षले याखा रीत अनुसार बेहुली पक्षलाई चारकलम रीत बुझाउनुपर्छ । बेहुला वा जन्तीलाई जाड, रक्सी, मासुको परिकार रक्सी आदि दिई स्वगत गरिन्छ । त्यसपछि बेहुलीको घरमा रातमा केइलाक, चावाकलाक, आदि नाचि रमाइलो गर्ने चलन छ । जन्ती र बेहुला लाई एउटा रागा काटेर त्यसको मासुको परिकार दिई स्वागत र सत्कार गरिन्छ । राँगाको मासु पकाएर तोङवा सँग दिने चलन छ । बेहुली पक्षकाहरुले बेहुला पक्षबाट लाइएको कोसेली आफ्ना सम्पूर्ण नातागोता लगायत छर छिमेकमा आमन्त्रित नातेदार बचि बाँडेर खाने चलन छ । साथै बेहुलीको घरमा पनि साइनो फेर्ने कार्य हुन्छ । साइनो फेर्नका लागि रु. ५ र फूलपाति राखि बेहुलाले मान्यजनहरुलाई ढोग्ने र नमस्ते गर्ने चलन छ । त्यसपश्चात मागी विवाह समाप्त हुन्छ र जन्तीसहित बेहुला-बेहुली, बेहुलाको घर (केटाको) फर्कन्छन् ।

### ४.५.२ प्रेम विवाह (चोरी विवाह)

याक्खा जनजाातिमा मागी विवाह बाहेक प्रेमविवाह पनि प्रचलित छ । कन्या केटा र कन्या केटी बीच प्रेमभई हाट बजार र कहीँकर्त पाहुना आउादा जादा राजीखुसीसाथ केटीलाई फकाएर केटाको घरमा ल्याई गरिने विवाहलाई प्रेमविवाह भनिन्छ । माइतीमा केटीका बुवा, आमा दाजुभाई, दिदीबहिनी कसैको पनि स्वीकृति नलिई निजका भद्रभलाद्मर् साथीहरुको सहयोगमा केटाको घरमा ल्याइने हुनाले यसलाई चोरी विवाह पनि भनिन्छ । यसरी केटीको राजी मन्जुरी भई ल्याइएको केटी (वेहुली) लाई केटाको घरमा ल्याउदा केटाको घर नजिक बाटोमा आएपछि केटी ल्याउन सहयोग गर्ने केटाका साथीमध्ये एकजनाले केटाको घरमा आएर हामी फलाना गाउँठाउँकी फलानाकी छोरीचेलीलँई बेहुली ल्याउदै छौ भनेर खबर गर्ने कार्य हुन्छ । त्यसपछी घरमा घर परिवारले घरको मूलढोकामा दुवैतिर कलशमा शुद्ध ापनी र फूलपाती राख्ने कार्य हुन्छ । त्यसपश्चत बेहुली बनाउन ल्याइएको केटीलाई घरमा ल्याई पुऱ्याएपछि केटीलाई उनको ठाउँ ठेगाना, अभिभावकको नाम सोधनी गरिन्छ । साथै राजी, विराजी कसरी आएकी हौ ? भनेर सोधनी हुँदा विराजी भए निजलाई घर भित्राउने अनुमति हुदैन । याखा समुदायमा केटी राजी नभए केटाले ल्याउने चलन छैन ।

यसरी केटीलाई फकाएर प्रेम गरी ल्याए पश्चात केटाका घरमा घरपरिवार, छरछिमेकीका तर्फबाट स्वागत गरी भित्र्याइन्छ । त्यसपछि घरपरिवार, छरछिमेकका मानिस भेला भई केटाका घरपरिवारका बाजे बज्यै आमा, बुवा, दिदीवहिनी, दाजुभाई लगायत भाइबन्धु सबैलाई चिनाउने साइने फेर्ने कार्य हुन्छ । त्यसपश्चात उपस्थित सबैलाई केटाको घरमा तयार गरिएको रक्सी बाँडिन्छ । यसबेला केटील्याई विवाह गर्ने पूर्वतयारी भएमा त्यसैदिन बेहुली ल्याएकै दिन विवाह गर्ने पनि चलन छ । यो विवाह तर्ष दिन बेलका ने गरिने भएकाले यसलाई सेत्लुक्पा विवाह भनिन्छ । यसरी सेत्लुक्पा विवाह गर्दा पनि शुभलगनको कृयाकलाप मागीी विवाह जस्तै हुन्छ । यस्तो विवाहमा टाढाका आफन्त, नातेदारहरुलाई समयअभावका कारण बोलाउने चलन छैन । तर गाउँघरका याक्खा वन्धु प्राय सबैलाई निम्त्याउने चलन छ । यस विवाहमा खानाको भोजभतेरको व्यावस्था नगरी विवाहका लागि तयार, राँगा, सुँगुरको मासु र जाँड दिने चलन छ । केटी चोरी गरी ल्याई गरिने विवाह त्यसै दिन नगरेर केर्हा दिन वा केही हप्ता वा महिनाको अन्तरमा आफन्त सबै, आफ्ना नातागोता इष्टमित्रलाई निम्तो दिएर भव्यरुपमा पनि गर्ने चलन छ । यसयरी पोइल गएकी

छोरी, चेलीलाई राजी, विराजी सोध्न माइती पक्षबाट बेहुलाको घरमा सोध्न खोज्न जाने चलन सोध्न खोज्न जाने चलन छ । ययसरी खोज्न आउने, जाने कार्यलाई योक्थोअवा भनिन्छ ।

योक्थोअवा आउन केटी पक्षबाट एकजना निजका काका वा दाईभाई पर्ने दुइजना आएका हुन्छन् । यिनीहरुलाई केटा पक्षको घरमा सुँगुर र राँगा सत्कार दिनुका साथै तोङवा समेत अनिवार्य दिने चलन छ । योक्थोअवामा आउनेले केटा र केटी दुवैलाई राजी, विराजी के कसरी आएको वा ल्याएको भनी सोध्ने गरिन्छ । यसरी योक्योअवामा आउनेहरु छोरी, चेली, केटा र निजका अभिभावकहरुसँग भेटघाटपश्चात केटीको घरमा केहिले विवाहको सौगात अर्थात कोसेली ल्याउनेबारेमा समेत छलफल गरी तिथी, मिति तय गरी फर्किन्छन् । सो छलफलबाट तय भएको मितिमा केटी बेहुली पक्षबाट विवादको कोसेली सौगात लिएर माइतीमा आउने चलन छ । त्यस समयमा वेहुलीका माइतीमा आफ्ना नातागोता, गाउँघर, इष्टमित्रलाई कोसेली खानका लागि निम्त्याइएको हुन्छ । यसरी प्रेम गरी विवाह गर्न गएकी छोरीचेलीले ल्याएको कोसेली माइती पक्षले सबै आफ्ना इष्टमित्रलाई बाँड्ने र बेहुला पक्षबाट बेहुलीका माइतीमा आएका काल्यालगायत सबैलाई सत्कार दिई विदाई गरी प्रेमविवाह पनि मागी विवाहजस्तै गरी सम्पन्न गरिन्छ ।

यसरी केटीका माइती पक्षबाट सोध्न आइनपुग्दै केटाको घरमा विवाह गरिसकेमा विवाहमा आमन्त्रित आफन्त गाउँघरका इष्टमित्रलाई राँगा सुँगुर आदिको सत्कार दिइन्छ । त्यसको साप्रो (फिला) र रक्सी एकपोङ अथवा एक ग्यालेन दुईजनाले केटीको माइतीमा पुऱ्याईदने चलन छ यस कार्यलाई विवाह सिार (विवाहको सौगात को सेली पुऱ्याउनु) भनिन्छ । माइती पक्ष्ँले विवाहको समर्थन गरी रीत बुझ्न मञ्जुर भए मात्र विवाह मागी विवाहमा झैं सबै रीत बुझाउन जाने कार्य हुन्छ । विवाह रीत नबुझाएसम्म केटीको माइतीमा आवतजावत गर्ने चलन हुदैन । प्रेमविवाहमा पनि मागी विवाहमा झैं सम्पूर्ण विधि अपनाइएको हुन्छ ।

### ४.५.३ जारी विवाह

जारी विवाहको चलन वर्तमान अवस्थामा भन्दा धेरै पहिला याखा समुदायमा बढी प्रचलनमा थियो । जारी विवाहको प्रचलन यस क्षेत्रका भनाईका आधारमा कम मात्रामा देख्न सकिन्छ । जारी विवाहमा विवाह गरेकी महिलाले फेरी दोस्रो विवाह गर्नु वा पहिलेको श्रीमान्लाई

छोड्नु भन्ने हुन्छ । जारी विवाहको समान्य अवस्थामा भन्नुपर्दा पहिलेको श्रीमानलाई नयाँ श्रीमानले उसकी श्रीमती ल्याएवापत दिनुपर्ने निश्चित रकम भन्ने हुन्छ । जारी विवाहको पहिलेको श्रीमानले रकम दाबी गर्नु वा रकम घोषित गर्नु मूख्य आधार हुन्छ । जुन आफ्नी श्रीमती लगेको मा क्षतिपूर्ति स्वरुप रकम प्राप्त गर्दछ । साथै विवादमा वेहुलीलाई प्रदान गरिएको गरगहना, रीत र संस्कारका रुप्मा सुनौली र रुपौलीको सम्पूर्ण रकम दाबीका आधारमा क्षतिपूर्ति स्वरुप  फिर्ता गरिन्छ । रकम फिर्ता वा क्षतिपूर्तिका रुपमा नयाँ श्रीमानले श्रीमतीको पुरानो श्रीमानलाई सम्पूर्ण रकम फिर्ता गर्नुपर्छ । साथै पहिले विवाह गरी दिइएको (ज्वाई) श्रीमान्लाई केटीका घरको अभिभावकले बागदाता/साइमुन्द्री दिइस्केको भए जारी गरी लाने केटाले श्रीमतीको पुरानो श्रीमान्बाट बागदाता वा साइमुन्द्री लिनुपर्ने हुन्छ ।

**तालिका नं ३**

**जारी रकम**

| रकम (रुपैंया) | जारी गर्ने संख्या | प्रतिशत |
|---|---|---|
| १०,००० | ३ | ४२.८४ |
| १०,०००-२०,००० | २ | २८.५६ |
| २०,०००-३०००० | १ | १४.२८ |
| ३०,०००-५०,००० | १ | १४.२८ |
| जम्मा | ७ | ९९.९६ |

**स्रोत : स्थलगत अध्ययन २०७२**

जारी तिर्ने वा जारी विवाह महिलाको श्रीमान् हुदाँहुदै अर्को श्रीमान्सँग भागेमा, पोईला गएमा मात्र जारी तिर्नुपर्ने हुन्छ तर पहिलेको श्रीमान्को मृत्यु भइसकेको अवस्थामा भने जारी तिर्नुपर्ने बाध्यता रहदैन । जारी रकम तिर्नुपर्ने वा लिनुपर्ने कार्यको मध्यस्थता श्रीमतीको पहिलेको श्रीमान्को बुवाले गर्दछ । जसलाई नयाँ बेहुलाले श्रीमतीको पुरानो श्रीमानलाई जारी स्वरुप निश्चित घोषित रकम हस्तान्तरण गर्नुपर्ने बाध्यात्मक अवस्था रहन्छ । जारी विवाहको लागि यस गाउँमा रु. १०,००० देखि ५०,००० सम्म र अन्य गरगरहना (सम्पूर्ण) तिर्नुपर्ने चलन छ ।

सरकारी स्तरबाट निश्चित रकम तोकिएको भए पनि त्यसलाई पालना गरिएको पाइदैन । जारी विवाहको रकम निर्धारण गाउँका मुखिया, मझिया वा जिम्मावालद्वारा निश्चित रकम तोकिन्छ र त्यस रकमलाई नै जारी भनिन्छ ।

सामान्यतया जुनसुकै प्रकारको वैवाहिक सम्बन्धका लागि याखा समुदायमा विवाहका लागि सता पुस्ता बुवापट्टि र पाँचपुस्ता आमापट्टि भित्रमा विवाह गर्न नहुने सामाजिक मान्यता रहेको छ ।

### ४.५.४ दुई दशक अगाडिको विवाह र वर्तमान अवस्थाको परिवर्तन

दुई दशक अगाडिको विवाह प्रकृया जसलाई खराङ गा.वि.स का किङरीङ गाउँका सहमागिका अनुसार तल दिइएको छ ।

**तालिका नं ४**

**विवाहको प्रकृया दुई दशक अगाडि र वर्तमन अवस्थाको परिवर्तन**

| विवाहको प्रकार | विवाह गर्ने जोडी | प्रतिशत |
|---|---|---|
| मागि विवाह | १८ | ५१.४२ |
| चोरी विवाह (प्रेम विवाह) | ८ | २२.८ |
| जारी विवाह | ९ | २५.६५ |
| जम्मा | ३५ | ९९.८५ |

**स्रोतः स्थलगत अध्ययन २०७२ ।**

विगतको विवाहमा मागि विवाह उल्लेखिय रुपमा हुने गर्दथ्यो भने चोरी विवाह वा प्रेम विवाह र जारी विवाह पनि समाजमा प्रचलित विवाह थियो । मागि विवाह सँग सँगै जारी विवाह र प्रेम विवाहले सामाजिक मान्यता प्राप्त गरेको थियो । याखा जनजातिमा विवाह, रीत र संस्कार महंगो रुपमा बुझाउनु पर्ने कारण अर्काको श्रीमतीलाई आफ्नो श्रीमतीको रुपमा स्वीकार्ने र निश्चित रकम तिर्नु रै जारी विवाह हो । जुन कम खर्चीलो हुने गर्दथ्यो । साथसाथै समाजका धनाद्य र जमीनदार, मुखीया, मझीया आदि भूमि पतिका घरमा भने मागि विवाह सामाजिक मर्यादा र कुल परिवारको इज्जतका रुपमा स्थापित विवाह संस्कार हुने गर्दथ्यो । जसका कारण जति पनि रकम र भोजको आयोजना गर्ने प्रतिस्पर्धा जस्तै बनेको मागि विवाह समाजको इज्जतका रुपमा स्थापति विवाह रहेको थियो ।

### तालिका नं ५

### वर्तमान विवाह प्रकृया

| विवाहको प्रकार | सहभागी | प्रतिशत |
|---|---|---|
| मागि विवाह | ८ | २२.८५ |
| प्रेम विवाह | १२ | ३४.२ |
| अर्न्तजातिय विवाह | १५ | ४२.७५ |
| जम्मा | ३५ | ९९.८ |

**स्रोत : स्थलगत अध्ययन २०७२ ।**

माथिको तालिका बाट वर्तमान विवाह प्रकृयामा प्रेम विवाह र अर्न्तजातिय विवाह गर्ने जोडीको संख्या उल्लेख्य रहेको छ । जसका कारण मागि विवाह र जारी विवाह विस्तारै लोप हुदै गएको देख्न सक्छौ । अध्ययन क्षेत्रको याखा जनजातिको संस्कार बोकेको मागि विवाह क्रमशः कम हुदै जानुमा वर्तमान अवस्था बढी मात्रामा याखा जनजातिका युवायुवतीले अर्न्तजातिय विवाह गर्ने क्रम बढ्नु र अन्य समुदायसँगको अन्तरसम्बन्धको कारण पनि अर्न्तजातिय विवाह फस्टाएको हो । त्यस्तै वर्तमान अवस्थामा विभिन्न संचारका माध्यमबाट यस समुदायका युवायुवती पनि जोडीनुले प्रेम विवाह गर्ने क्रम बढ्दै गएको छ भने मागि विवाह क्रमशः कम हुदै गएको छ । समयको अन्तलसँगै र संचार र शिक्षामा पहुँच बढेसँगै याखा जनजातिको विवाहमा क्रमश परिवर्तन गरिदै लगेको विगत र वर्तमान को तालिकाको अध्ययनबाट प्रस्ट हुन्छ । यस जातिमा अन्य संस्कृतिको प्रभाव र जनचेतनाको कारणले पनि संस्कृतिमा परिवर्तन र विस्तारै  भएको देखिन्छ भने अन्य संस्कार र संस्कृतिको प्रभाव वा अनुशरणका कारणले पनि यस्तो भएको हो ।

## ४.६ विवाह संस्कारका प्रकृयागत कार्यलाई परिवर्तन गर्ने मुख्य तत्वहरु

### ४.६.१ आर्थिक तत्वहरु

याखा जनजातिहरु भूमिमा आश्रित जाति भएको कारण कृषि भूमिको उत्पादन घट्दै जानु, भूमि दिनानुदिन टुक्रिदै जानु र उवैरा भूमीमा ह्रास आउनुले कृषि उत्पादनमा की हुन गई कृषिमा निर्भर यस जातीको उत्पादन र आर्थिक स्रोतको अन्य बाटो नहुनु र जग्गाको खण्डीकरण र जग्गाको बाँडफाड हुन गई जमिनदारहरु पनि विस्तारै जग्गाको स्वामित्व

गुमाउनुले आर्थिक अवस्था दयनीय बनेको देखिन्छ । प्राय : याखा जातिहरु वैदेशिक रोजगारीका क्रममा विदेश पलायन हुनु र उच्च शिक्षा र ज्ञान सीप आदीका अभावमा भएका वैदेशिक रोजगारका क्रममा विभिन्न दुर्घटनामा पर्नु वा विदेशमा नै मृत्युवरण गर्नुले पनि आर्थिक अवस्था कमजोर हुदै गएको छ । जसका कारण वैवाहिक प्रकृया परिवर्तनमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ । वैदेशिक रोजगारमा धेरै समय विताउनु परिवारका सदस्यसँग धेरै समय टाढा रहनुले परिवारका सदस्इमा संस्कृति हस्तान्तरण नहुनु र मौलिक संस्कृति झन्झटिलो र बढी खर्चिलोका कारण अन्य संस्कृतिलाई अवलम्बन गरिनुले पनि विवाह प्रकृया परिवर्तन हुन सम्भव भएको हो ।

**तालिका नं. ६**

**आर्थिक तत्वहरु**

| सहभागी | जग्गाको आकार (रोपनी) | प्रतिशत |
|---|---|---|
| २० | १-१० | ५७ |
| १० | १०-२० | २८.५ |
| ५ | २०-३० | १४.२५ |
| ३५ | | १०० |

स्रोतः स्थलगत अध्ययन २०७२ ।

माथि तालिकाको अध्ययनबाट अध्ययन क्षेत्रको बारेमा के थाहा हुन्छ भने यस खराङ गाविसको अधिकांश अर्थात २० जना सहभागिको १ देखि १० रोपनि सम्म जग्गा भएको र १० जना सहभागिको १० देखि २० रोपनि सम्म जग्गा भएको र साथै ५ जना सहभागिको २० देखि ३० रोपनि जग्गा भएको देखिन्छ ।

### ४.६.२ कानुनी पक्ष वा तत्वहरु

विभिन्न समयमा बनेका विवाहसम्बन्धी नीतिका कारण विवाहमा हुने अनावश्यक खर्च तथा जन्ती संख्या निर्धारण गरिनु, विवाह समारोहको आकार निर्धारण र केटा र केटीबीचको विवाह गर्ने उमेर र उमेरको अन्तर निर्धारण गरिनु, दाइजो लिने/दिने प्रथामा नियन्त्रण र नियमको व्यावस्था गरिनु र नियमका पालना नगर्नेलाई दण्ड सजाय र जरिवाना तोकिनुले पनि याखा विवाह प्रकृयमा परिवर्तन देखिएको हो ।

### ४.६.३ बसाईसराई र अन्य जात/जातिबीचको सामाजिकीकरण

नेपालको पूर्वी पहाडी भूभागको संखुवासभा जिल्लाको चैनपुर क्षेत्रका याखाहरु लामो समयदेखि यस क्षेत्रमा यस जातिको मात्र बसोबास रहेका थियो । याखाहरु यस क्षेत्रमा स्वाशासित र स्वपहिचान र संस्कारका साथ रहेका थिए । नेपाल एकीकरणको क्रममा यस क्षेत्र पनि नेपालभित्र गाभिन पुग्यो र याखाहरु बसोबास रहको भौगोलिक क्षेत्रमा खस आर्य जातिद्वारा यस क्षेत्रलाई शासित  गराइयो । एकल जातीय यस क्षेत्र भित्र विस्तारै हिन्दू वर्णश्राम मान्ने ब्राहमण र क्षेत्रीहरुको बसोबास तत्कालीन सरकारद्वारा पश्चिमका खस-ब्राहमणलाई याखा स्वायत्त क्षेत्रमा बसाईसराई, विर्ता, रकम आदीका नाममा सरकारले जमिन उपलब्ध गराई खस जातिलार्य प्रवेश गराइयो । फलस्वरुप यसरी बसाई सरु आएकाहरुको संस्कृति हिन्दू धर्मसंस्कृति अन्तर्गत रहनु र तत्कालीन सरकारको उद्देश्य पनि हिन्दू धर्मलाई सरकारी मान्यता दिइनुका साथै हिन्दू संस्कृति र रीतिमा आधारित चाडपर्वलाई विशेष प्राथमिकतामा राखिनुले पनि हिन्दू संस्कार र संस्कृतिको यस जातिमा प्रभाव पऱ्यो जसका कारण विवाह प्रकृयामा परिवर्तन गर्न मुख्य भूमिका निर्वाह गऱ्यो ।

### ४.६.४ शिक्षा/जनचेतना

शिक्षा वर्तमान समयको आवश्यकता र सभ्यताको प्रतिक हो । शिक्षाले नै मानिसको अर्न्तचेतना जगाउने काम गर्दछ । जसले गर्दा समाजका राम्रा पक्ष र नराम्रा पक्षहरुलाई सजिलै छुट्याउन सक्दछ । शिक्षाद्वारा नै सभ्याताको विकास र प्रसार हुन्छ । शिक्षा विना कुन पनि समाज समृद्ध हुदैन । यस विषयमा किङरिङ (खराङ) गाउँका मानिसहरुमा शिक्षँको पहुँच र साक्षरताको मात्रा न्यून मात्रामा रहेको छ ।  वर्तमान समयका नयाँ पुस्ताहरुमा शिक्षँको पहुँच भएता पनि त्यस भन्दा अघिल्लो पुस्तामा र बृद्ध/बृद्धामा निरक्षँरताको दर बढ्दो छ । सरकारको एकल भाषा नीतिका कारण मातृभाषी याखा समुदायको विद्यालयप्रति चासो र वितृष्णाका कारण विद्यालय विचमै छोड्ने क्रम बढी भएका कारण उच्चशिक्षँ सम्मको पहुँचमा पुग्न नसकेको देखिन्छ । वर्तमान नयाँ पुस्तामा शिक्षाको महत्व र विद्यालय अध्ययनको क्रब बढेसँगै समाजमा विस्तारै यसका सकारात्मक प्रभाव देखापरेका छन् । जुन सामाजिक र सांस्कृतिक परिवर्तनमा शिक्षाल भूमिका निर्वाह  गरेको सजिलै देख्न सक्छौ जुन कारकतत्वका रुपमा शिक्षा रहेको छ । त्यसैगरी याखा समुदायमा हुने विवाहको संस्कारगत

प्रकृयामा पनि परिवर्तन देख्न सकिन्छ । जसलाई हामी सजिलैसँग भन्न सक्छौ की शिक्षाको कारण नै सामाजिक र सांस्कृतिक परिवर्तन गर्न प्रमुख भूमिका हुने  गर्दछ ।

### ४.६.५ सुचना सञ्चार र यातायात

वर्तमान समय भनेको सूचनाको संसार हो सूचनाको कारण नै आज विश्वको कुनै पनि कुनाको सजिलै सूचना थहा पाउन सकिन्छ र आज विश्व  सुचनाका कारण नजिक र साँघुरो बन्दै गइरहेको छ । याखा विवाह प्रकृयामा परिवर्तन गर्न सूचना सञ्चार र यातायातले पनि प्रमुख भूमिका निर्वाह गरेको छ । सूचनाका कारण नै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अन्य जातजातिका विवाहको बारेमा र समाजका बारेमा जानकारी प्राप्त हुने हुन्छ जसले अप्रत्यक्ष रुपमा सांस्कृतिक परिवर्तनमा किङरिङ (खराङ) गाउँमा भूमिका निर्वाह गरिरहेको छ । यस गाउँ उत्तर दक्षिण कोशी राजमार्ग अन्तर्गत पर्ने पूर्वी पहाडी जिल्ला  हो यातायात सञ्चालयमा जोडएसँगै यहाँका जातिहरु अन्य जनजातिका संस्कृतीसँग अन्तरक्रिया र अर्न्तसम्बन्ध गास्न पुगेको हो । साथै यातायात पुगेसँगै उपभोग्य वस्तु र अतिरिक्त आवश्यकताका वस्तुहरुको पहुँच पुग्नु र सञ्चार, टिभी, मोबाइल आदी आधुनिक सञ्चारका वस्तुहरुमा सहज पहुँचका कारण विवाह प्रकृयामा परिवर्तनका प्रभाव देखिएको हो । वर्तमनमा टेलिभिजनहरु केवलद्वारा प्रत्यक्ष घरमा डिस राखी हेर्न सकिने हुदाँ विभिन्न हिन्दी च्यानल, अंग्रेजी च्यानल, नेपाली च्यानल आदीहरुमा देखाइने विभिन्न सांस्कृतिक कार्यक्रमहरुको प्रत्यक्ष प्रभावका कारण याखा समुदायमा अन्य संस्कृतिको प्रभाव परेको छ । साथै विभिन्न हिन्दी च्यानल हेर्ने क्रमका कारण पहिरन र पोशाकमा सांस्कृतिक प्रभाव साथै याखा विवाह प्रकृयामा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव परेको देख्न सकिन्छ ।

## ४.७ विवाह प्रकृयामा परिवर्तन

### ४.७.१ बेहुला र बेहुली हुने उमेर

विवाहको प्रकृयाको अध्ययन/अनुसन्धानका लागि कुने पनि जनजातिको अध्ययन गर्दा बेहुला वा बेहुलीको उमेरले निकै महत्व राख्ने गर्दछ । कुनै पनि जनजातीय समूहका विवाह गर्न योग्य उमेर समुदायद्वारा निर्धारण गरिन्छ । जुन जनजातीय विशेषताका आधारमा फरक-फरक रहेको छ । किङरिङ (खराङ) गाउँका याखा जातिको बेहुला हुने उमेरका बारेमा आ-आफ्नै धारणा रहेको छ तर पनि विवाह गरेका वा विवाहगर्न लागेका वेहुला (केटाको) उमेर २१ देखि ४५ वर्षको वीचको उमेर भएकाले विवाह गरेका छन् त्यसैगरी केटीको बेहुली हुने

उमेर १४ देखि ३८ वर्षसम्म रहेको छ भने याखा विवाह प्रकृयामा १८ देखि १९ वर्ष समूहमा केटीको विवाह गर्ने प्रचलन बढी छ । त्यसैगरी २२ जना याखा जातिका महिला सहभागीहरुले (५२.६३%) ले १५ वर्ष नुपग्दै पहिलो विवाह गरेको पाइयो । जसमा मोबाइल फोनको प्रयोग र स्कुल पढ्दापढ्दै गरेका केटा-केटीबीच प्रेमसम्बन्ध झागिएर विवाहमा परिणत भएको पाइयो त्यसैगरी ४७.३७ प्रतिशत केटीहरुले चाही २० वर्ष पुगेपछि विवाह गरेको पाइयो ।

### ४.७.२ बेहुली वा केटी खोज्ने कार्यमा परिवर्तन

वर्तमान अवस्था भनेको फोन/मोबाइल आदी सञ्चारको कारण विभिन्न क्षेत्रका व्यक्तिबीच अर्न्तक्रिया र कुराकानीको आदानप्रदान हुने हुन्छ जसले गर्दा फोना वा मोबाइलको प्रयोगद्वारा केटा-केटी बीच सम्बन्ध स्थापित हुनेमात्र नभई प्रेमसम्बन्धको रुपमा केटा-केटीबीच सम्बन्ध स्थापित पनि हुन्छ । यी र यस्ता कारणले केटी खोज्ने वा बेहुली ल्याउने कार्य केही समययता व्यापक परिवर्तन आएको छ । यस कार्यलाई वर्तमान समयमा सहज तुल्याउने र बनाउने विभिन्न सञ्चारका माध्यमहरु जस्तैः मोबाइल, फोन, फेसबुक, इन्टरनेट आदी जस्ता आधुनिक सञ्चारकमा साधनहरु रहेका छन् । जसका माध्यमबाट केटा-केटीबीचमा सम्पर्क हुने आदीका कारण विवाह गर्न योग्य उमेरका केटा-केटीबीच सम्बन्ध निर्माण हुने गर्दछ । विगतमा याखा समुदायमा केटी खोज्ने काम साम्दायाङ (साङताम्मे) लमीद्वारा गर्ने गरिन्थ्यो तर हाल आएर केटाकेटीबीच चिनजान भएर र प्रेमसम्बन्धको सुरुवात भएर मात्र विवाहमा परिणत हुने गर्दछ । त्यसै गरी याखा समुदायमा हुने मागी विवाह वा जारी विवाह गर्नेको संख्या दिनानुदिन घट्दै गइरहेको छ भने प्रेम विवाहले क्रमश स्थान र मान्यता पाइरहेको यस अध्ययनका क्रममा पाउन सकिन्छ । मागी विवाह सामाजिक सांस्कृतिक रुपमा बढी महंगो र जटिल विवाह मानिन्छ । मागी विवाहमा बेहुली केटी पक्षकाले (अभिभावक) केटा पक्षबाट गरगहना बनाउन रकम लिने चलन छ जुन याखा जातिको सांस्कृतिक पाटो भएर आर्थिक रुपमा खचिलो हुने हुदाँ विस्तारै मागी विवाह परिवर्तन हुदैछ ।

**तालिका नं. ७**

**किङरिङ (खराङ) गाउँको बढी प्रचलनमा रहेको बेहुली/केटी ल्याउने तरिका :**

| बेहुली/केटी खोज्ने विधि | सहभागी | प्रतिशत |
|---|---|---|
| १. मागी विवाह (घरपरिवारबाट) | ४ | ११.४२ |
| २. प्रेम विवाह | ११ | ३१.४२ |
| ३. मोबाइल वा फेसबुकद्वारा सम्पर्क विवाह | २० | ५७.१४ |
| जम्मा | ३५ | ९९.९८ |

श्रोत: स्थलगत अध्ययन २०७२

माथी तालिकाबाट के स्पष्ट हुन्छ भने अहिले वर्तमान समय सञ्चारको भएका कारण बढी प्रचलित  विवाह गर्ने तरिका मोबाइल वा फेसबुकद्वारा सम्पर्क भई विवाह गर्ने तरिका बढेको देखिन्छ । विवाहलाई सञ्चारले सहज बनाउदै गरेको देखिन्छ । त्यस्तै प्रेम विवाह र मागी विवाह गर्ने चलन पनि अझै कायमै छ ।

### ४.७.३ रीति र संस्कृतिमा परिवर्तन

रीति र सांस्कृतिक परिवर्तनको अवलोकन दुई दशक पहिलेको र अहिलेको बारेमा सजिलै किङरिङ (खराउ) गाउँका याखा समुदायमा सांस्कृतिक परिवर्तन देख्न सकिन्छ । यस गाउँमा दुई दशकभित्र द्रुततर रुपमा परिवर्तन भएको क्रमशः पछिल्ला वर्षहरुमा बढ्दै गए जसका कारण किङरिङ (खराङ) गाउँका याखाहरुको सांस्कृतिक र रीतिरिवाज परिवर्तनमा समानान्तर भूमिका निर्वाह हुन गयो । सहभागीका अनुसार  विवाहका सांस्कृतिक र रीरिरिवाजको अनुसरण अनुरप विवाह गर्ने वा नगर्ने पूर्ण निर्णय केटी र उसका अभिभावकका निर्णयमा भर पर्ने कुरा बताउदछन् । त्यस्तै अन्य सहभागीहरुको धारणा अनुसार सांस्कृतिक र रीतिरिवाजमा परिवर्तन नभएको धारणा राख्दछन् जसलाई तालिकाबाट  प्रस्तुत गरिएको छ :

## तालिका नं. ८

## रीति र संस्कृतिमा परिवर्तन

| धारणा | सहभागी | प्रतिशत |
|---|---|---|
| १. विवाहको रीति र संस्कृतिमा परिवर्तनभएको छ | २५ | ७१.४२ |
| २. विवाहको रीति र संस्कृतिमा परिवर्तन भएको छैन | १० | २८.५७ |
| जम्मा | ३५ | ९९.९९ |

श्रोतः स्थलगत अध्ययन २०७२

याखा रीतिअनुसार सर्वप्रथम केटी पक्षका अभिभावकहरुले केटापक्षबाट सुनौलीका रुपमा र केटीलाई गहना बनाइदिने सर्तअनुरुप रकम लिने चलन छ । जसलाई सुनौली र रुपौली भन्ने चलन छ । यस प्रकारका प्रचलन प्रायः रीति वा सांस्कृतिक प्रचलन अनुरुप यहाँका जातिका मानिसहरुले गर्ने गर्दछन् । सुनौली वा रुपौलीको निश्चित रकम हुदैन्यो जतिपनि हुन सक्छ, केटी पक्षका अभिभावकलाई सुनौली वा रुपौली लिने वा नलिने पूर्ण अधिकार हुन्छ । यस गाउँका अर्न्तवार्तामा सहभागी मानिसहरुमध्ये ९४ प्रतिशतले सुनौली वा रुपौलीमा निश्चित रकम तोकिएको हुदैन भन्ने जवाफ दिए त्यस्तै ५-६ प्रतिशतले किराँत समुदायमा प्रायः सुनौली, रुपौली हुने गरेको बताए । तर दुई दशक अघि सुनौली र रुपौलीका रुपमा जति रकम पनि माग गर्ने प्रचलन रहेको थियो । त्यसैगरी यसप्रकारको रीति यस गाउँमा रकम मात्र गर्दा सुनौली वा रुपौलीका नाममा रकम माग गर्ने चलन थियो । तर यस्तो क्रम क्रमश घट्दै गएको छ । तर अझै पनि केटी अन्य गाउँहरुमा प्रचलनमा रहेको छ । सुनौली र रुपौलीमा मूख्यत : सुन वा रकम दुवै हुने गर्दछ । सामान्यतया : सुनौली  वा रुपौलीका रुपमा माग गर्ने गरिन्छ जुन तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं.९**

**सुनौली/रुपौलीमा निश्चित रकमको माग गर्ने**

| निश्चित रकमको माग (रुपैया) | सहभागी | प्रतिशत |
|---|---|---|
| १. रु. २०,००० सम्म | १८ | ५१.४२ |
| २. रु. ५०,००० सम्म | ७ | २० |
| ३. रु. १,००,००० | ५ | १४.२८ |
| ४. रु. १,५०,००० | ५ | १४.२८ |
| जम्मा | ३५ | ९९.९८ |

श्रोतः स्थलगत अध्ययन २०७२

वर्तमान अवस्थामा सिङगो सुँगुर, रक्सीको ड्रम, मासुको पेरुङ्गो, अचार आदि विवाहको रीतमा कोसेली स्वरुप नलगीकन फलफुल, सेल, अचार र मासुका परिकार र एक दुई बोटल रक्सी मात्र बेहुलीका घरमा रीतपूर्वक लैजाने चलन छ साथै सुनौलि वा रुपौलिका रुपमा  वर्तमान अवस्थामा सुनको मूल्य उच्च भएको कारण एक तोला वा दुई तोला सुनको गहना लग्ने चलन बढी छ ।

**तालिका नं. १०**

**सुनौली र रुपैलीका रुपमा सुन माग्ने वा सुनको प्रयोग गर्ने**

| सुन तोला | सहभागी | प्रतिशत |
|---|---|---|
| १ | ६ | १७.१४ |
| २ | २३ | ६५.७१ |
| ५ | ६ | १७.१४ |
| जम्मा | ३५ | ९९.९९ |

श्रोतः स्थलगत अध्ययन २०७२

प्रस्तुत माथीको तालिकाको अध्ययनमा के देखिन्छ भने सुनौली वा रुपौलीको रकम रु. २०,००० सम्म स्वीकार गर्नेको संख्या बढी देखिन्छ । त्यस्तै सुनौली र रुपैलीको रुपमा रु. ५०,००० सम्मलाई पनि बढीले स्वीकार गरेका छन् । त्यस्तै गरी सुन लिने वा सुनलाई सुनौली वा रुपौलीका रुपमा २ तोला सम्म लिने वा माग गर्नेको संख्या यस गाउँमा

अध्याधिक रहेको देखाउँछ । रीति र संस्कृतिको आधारमा दुई दशक अघि बुझाउनु पर्ने रीत वा फर्नोलीको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ । जुन किङरिङ (खराङ गाउँको अध्ययन क्षेत्रका सहभागीको भनाईका आधारमा तल सूचीबद्ध गरी प्रस्तुत गरिएको छ जुन विवाहको विभिन्न रीतिका लागि आवश्यक सामग्रीहरु रहेका छन् ।

क) याखा विवाहको रीति र संस्कति :

ख) विवाहको समयमा बेहुलाको घरमा हुने रीति वा संस्कृति

१) सुनौली-बेहुलीको रकम, आर्थिक अवस्थाअनुसार

२) लोकन्दी पाङमादुम : लोकन्दीहरुको स्वागतको लागि केही रकम

३) सामरितलेम्मा : साइनो फेर्ने रु. १ सिर्तोक राखी

४) नाइदुम - ४ रुपैया बेहुलीको लागि

ग) विवाह पश्चात बेहुलीको घरको संस्कृति र रीति :

१) लम्बुछेक्यामा - १ माना रक्सी, १ फेवालिङ (बाटो खोल्न)

२) होङद्रुप - सिङगो सुँगुर सफा गरेको, ठूलो कोसेली र रक्सी दुई घ्याम्पा (ड्रम), अचार

३) लिमदाङयालाई : रु. २०, १ फेवालिङ र १ माना रक्सी (लमीलाई)

४) फर्नौली - रु. ५ फेवालिङ र एकमाना रक्सी जिम्मावाललाई

५) माङहाङवा - रु. ५ र एक माना रक्सी र एक फेवालिङ माङवाहाङवालाई

६) यागथापनाग्मा - एकमाना रक्सी र एउटा फेवालिङ बास बस्नको लागि

७) बागदाता/साइमुन्द्री - सुँगुर एउटा, अचार, तरकारी, १ माना रक्सी, रु. ५

८) च्याङकुलुङ साम्मा - १ माना रक्सी, रु. ५ र एउटा सुँगुर

अध्ययन क्षेत्रका अधिकांश याखाहरुले यी माथिका दिइएका रीत वा संस्कारलाई मान्ने गरेका छन् । याखा विवाहको संस्कारगत रीतभित्र यी दिइएका कुराहरु पर्दछन् । तर वर्तमान समयमा अनावश्यक रीत र संस्कारगत प्रकृयामा क्रमश परिवर्तन भएका छन् तर यी रीत र संस्कारलाई अनुसरण र पूर्णरुपमा मान्ने चलन पनि यद्यपि छ । तर यी सबै प्रकृयाहरुमा विस्तारै बद्लाव आएको भने अवश्य छ ।

### ४.७.४ विवाहको उपभोग्य सामग्री/वस्तुको प्रयोगमा परिवर्तन

अध्ययन क्षेत्रमा विवाहमा हुने उपभोग्य वस्तुको प्रयोग याखा विवाह प्रकृयामा परिवर्तन भएको छ ती उपभोग्य वस्तुका आ धारमा याखा विवाह प्रकृयामा प्रमुख साँस्कृतिक भूमकि हुने गर्दथ्यो । उपभोग्य वस्तुको बारेमा विस्तृत छलफल बुदाँगत रुपमा दिइएको छ । अर्न्तवार्ताकारका अनुसार विवाहका लागि अत्यावश्यक सामग्रीहरु मासु, जाँड-रक्सी, चामल अन्य खाद्यसामग्री र रीति र सांस्कृतिक चालचलन किङरिङ (खराङ) गाउँका रहेको छ । किङरिङ (खराङ) गाउँका घरधुरी संख्याका रुपमा यहा ३५ घरधुरीहरुलाई नमूनाको

रुपमा प्रस्तुत गरिएको छ । जहाँ छोटकारीको रुपमा २ दशक पहिले र वर्तमान अवस्थामा प्रयोग हुने विवाहको उपभोग्य सामग्रीहरुको मात्राको परिवर्तनलाई प्रस्तुत गरिएको छ । जुन तलका तालिकामा प्रस्तुत गरिएको छ :

याखा जनजातिको विवाह प्रकृयामा प्रयोग हुने उपभोग्य सामग्री र वस्तुहरुको परिवर्तन :

दुई दशक पहिले र वर्तमान अवस्थको विवाह :

**तालिका नं. ११**

**याखा जनजातिको विवाहा प्रयोग हुने उपभोग्य सामग्री र वस्तुहरुको नाम**

**क) दुई दशक अगाडीका अवस्था**

| सामग्रीको नाम (पाथी/धार्नी) | औसत मात्रा (×) |
|---|---|
| १) मासु | १७१.१४ |
| २) जाँड | ६६.४२ |
| ३) रक्सी | ५७.४२ |
| ४) चामल | ६६.१४ |
| ५) दाल | ३.९२ |
| ६) सेल | ८.४१ |

श्रोत स्थलगत अध्ययन २०७२

माथि तालिकाबाट के स्पष्ट हुन्छ भने दुई दशक अगाडी याखा जनजातिको संस्कारगत विवाहमा प्रयोग हुने उपभोग्य सामग्री हरुमा मासु, जाँड र रक्सीको अत्याधिक प्रयोग र

उपभोग गर्ने गरेको तालिकाको अध्ययन बाट स्पष्ट हुन्छ । तालिका अनुसार मासुको उपभोग ६० - २१० धार्नी सम्म हुने गरेको र औषतमा १७१.१४ रहेको छ। त्यस्तै जाँडको औसत ६६.४२ र रक्सीको ५७.४२ , चामलको ६६.१४ देखाएको छ। त्यस्तै दाल र सेलको उपभोग क्रमशः ३.९२ र ८.४१ औसत रहेको छ।

### तालिका - १२

### याखा जनजातिको विवाहमा प्रयोग हुने उपभोग्य सामग्री र वस्तुको नाम/मात्रा

**ख) वर्तमान अवस्था**

| सामग्रीको नाम (पाथी/धार्नी) | औसत मात्रा (×) |
|---|---|
| १) मासु | ६९.८५ |
| २) जाँड | ४२.७८ |
| ३) रक्सी | ३४.९२ |
| ४) चामल | ४३.६४ |
| ५) दाल | २.६४ |
| ६) सेल | ६.८४ |

श्रोत स्थलगत अध्ययन २०७२

माथि तालिकाबाट के स्पष्ट हुन्छ भने दुई दशक अगाडी याखा जनजातिको संस्कारगत विवाहमा प्रयोग हुने उपभोग्य सामग्री हरुमा मासु, जाँड र रक्सीको अत्याधिक प्रयोग र उपभोग गर्ने गरेको तालिकाको अध्ययन बाट स्पष्ट हुन्छ । तालिका अनुसार मासुको उपभोग औषतमा ६९.८५ रहेको छ। त्यस्तै जाँडको औसत ४२.७८ र रक्सीको ३४.९२ , चामलको ४३.६४ देखाएको छ । त्यस्तै दाल र सेलको उपभोग क्रमशः २.६४ र ६.८४ औसत रहेको छ।

माथि तालिकामा प्रस्तुत उपभोग्य वस्तुको बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ :

### क) मादक पदार्थ वा पेयपदार्थको उपभोग

याखा विवाह प्रकृयामा जाँडरक्सीलाई सामान्य पेय पदार्थका रुपमा विवाहमा प्रयोग गरिन्छ। जाँड-रक्सी नै विवाहको भोजका लागि विशेष प्राथमिकताका रुपमा राखिने चलन छ।

यसको प्रयोग विवाहमा आउने पाहुना र विवाहको निम्तो मान्न आउने र विवाह भोजमा उपस्थित सम्पूर्णलाई स्वागत गर्नका लागि जाँडरक्सी दिने चलन रहेको छ। विवाहमा जाँड ४० देखि १०० पाथी र रक्सी ३० देखि ९० पाथीसम्म विवाहका लागि उपभोग गर्ने गरेको र औसतमा जाँडको प्रयोग ६६.४२ र रक्सीको विवाहमा प्रयोग ५६.४२ पाथीको प्रयोग औसतका रुपमा रहेको छ । दुई दशक अघिको विवाहमा र वैवाहिक समारोहमा गाउँमा प्रचलित रहेको स्थानीय मादक पदार्थ जाड-रक्सीको उपयोग गर्ने दर अत्याधिक मात्रामा रहेको देखिन्छ । याखा समुदायमा मादकपदार्थको उत्पादन घरेलु र परम्परागत विधिबाट घरमा नै तयार गर्ने गरिन्छ र मादकपदार्थको सेवन विवाह बाहेक अन्य अवस्थामा पनि सामान्य रुपमा यसको प्रचलन हुने गर्दछ।

वर्तमान अवस्थामा विवाहको समारोहमा जाँड-रक्सी जस्ता मादकपदार्थको प्रयोग औसतमा जाँड ४२.७८ पाथी र रक्सी ३४.९२ पाथीको रुपमा प्रयोग हुने गरेको देखिन्छ । जसले दुईदशक अघिको विवाहमा अत्याधिक मात्रामा प्रयोग हुने मादकपदार्थको सेवन र उपभोगको दर क्रमश घट्दो देखिएको छ।

### ख) मासुको उपभोग

दुई दशक अघि हुने विवाहमा मासु (भैंसी र सुँगुर) को अत्याधिक प्रयोग र उपभोग यस अध्ययन क्षेत्रमा अधिक रहेको थियो । यस किङरिङ (खराङ) गाउँमा विवाहको भोज वा आयेजनामा भैंसीलाई काट्ने र भैसीको मासु उपभोग गरी विवाह आयोजना गर्ने गरिन्छ । त्यस्तै बाखा र सुँगुरको मासु पनि विवाह समारोहमा खाने चलन छ । विवाहमा मासुको प्रयोग ६० देखि २१० धार्नी सम्म विवाहमा उपभोग गर्ने गर्दछन् जसमा गाउँका औसत रुपमा मासुको उपभोग १७१.४१ धार्नी मासु दुई दशक अघिको विवाहको आयोजना गर्दा उपभोग गर्ने प्रचलन थियो ।

वर्तमान अवस्थामा मासुको उपभोग विवाहमा धेरै नै कम हुने गरेको देखिन्छ । आधुनिकीकरण र उपभोग्य सामग्रीहरुको छनौट प्रशस्त हुनुले विवाह प्रकृयामा यस गाउँमा ६९-८५ धार्नी मासुको प्रयोग गनर्गे गरेको औसतमा तालिकामा उल्लेख छ । साच्चिकै वर्तमन अवस्थामा याखा विवाह प्रकृयामा प्रयोग गर्ने सामग्रीको मात्रामा (औसत) केही परिवर्तन यस अध्ययन क्षैत्रमा अध्ययनका क्रममा देख्न सकिन्छ।

ग)  **चामल, दाल, सेल**

यस अध्ययन क्षेत्रमा मासु र मादक पदार्थको विवाहमा उपभोग दर घटे जस्तै अन्य खाद्यसामग्रीहरु चामल, दाल र सेलको उपभोग गर्ने दरमा क्रमश घट्दै गएको पाउन सक्छो । जसमा दुई दशक अघि चामल, दाल र सेलको उपभोग औषत मात्रा क्रमश ६६.१४, ३.९२ र ८.४१ पाथी थियो भने वर्तमान अवस्थामा चामल, दाल र सेलको औषत उपभोग मात्रा ४३.६४, २.६४, ६.६४ पाथी रहेको तालिकाले देखिएको छ ।

### ४.७.५ विवाह गर्ने विशेष समय र अवस्थामा परिवर्तन

याखा समुदायमा दुई दशक अगाडिसम्म वर्षको कुनै पनि महिना विवाह गर्ने प्रचलन यस गाउँमा थियो । अर्थात विवाहको लाीग कुनै विशेष महिना हुने गर्दैन्थ्यो । वर्षका बाह्रै महिनामा विवाह गर्ने चलन थियो । तर यस किडरिङ (खराङ) याखामा हालका वर्षहरुमा तीनवटा महिनामा विवाहका लागि अशुभ मानिन्छ वा विवाह गर्ने गरिदैन । जसमा कार्तिक, पौष र चैत्र महिना पर्दछन् । यी महिना भनेको हिन्दू धर्मसंस्कृतिमा अशुभ महिना भनिन्छ र यीी महिनामा हिन्दू धर्ममा विवाह गर्न बन्देज छ । याखा समुदायको हिन्दू धर्म मान्ने जातिय समुदाय बिच अर्न्तसंवाद हुने हुँदा हिन्दू धर्मको सांस्कृतिक प्रभाव परेको हो । जसका सँगसँगै विवाहको उमेरमा पनि प्रत्यक्ष सम्बन्ध रहने गर्दछ । यस अध्ययन क्षेत्रको कार्यक्षेत्र सर्वेक्षणमा १८ घरधुरीले विवाह गर्नका लागि वर्षका जुनसुकै महिनामा विवाह गर्ने गरेको अध्ययन अनुसन्धानका क्रममा देखिएको छ ।

# अध्याय-पाँच

# सारांश र निष्कर्ष

## ५.१ सारांश

भौगोलिक विविधता स्वरुप जातिय विविधता भएको नेपाल सांस्कृतिक ग्रहण र परसंस्कृति-करणका कारण जनजातिका आफ्ना छुट्टै जातिय पहिचान बोकेको मौलिक संस्कृतिमा ह्रास आउनुका साथै लोप भएर जाने अवस्था आएको छ । नेपाल एकीकरण पश्चात स्थानीय रैथाने संस्कृतिमा काठमाडौं केन्द्रित एकल जातिय र धार्मिक आस्थाका शासक वर्ग जो हिन्दू धर्मका आस्थावान द्वारा अन्य जातजातिमा शासन गर्ने हिन्दू धर्मलाई अंगाल्न राज्यबाट सोही प्रकारको निति नियमहरु लागु गरायो । राज्यले हिन्दु धर्मलाई राष्ट्रिय धर्मको वा राजधर्म, शासकीय धर्मको रुपमा मान्नु र सोही धर्मलाई राज्यका अन्य अल्पसंख्यक जनजातिले पनि अनुशरण गर्नु पर्ने बाध्यात्मक नितिको निर्माण भयो । सामाजिक संरचनागत ब्याख्या र सभ्यताको विकासको रुपमा खस-आर्य ब्राह्मणले मान्ने हिन्दु धर्म संस्कृतिलाई विकसित र उच्च सभ्यताको विकासको नमुनाको रुपमा चित्रित गराइयो र अन्य समुदायले मान्दै आएका मौलिक संस्कृति असभ्य र असंस्कृति वा सभ्यता नकहलाएको भनी त्यस दर्जामा चित्रित राज्यका शासकद्वारा शासितहरुलाई त्यस दृष्टिबाट हेरियो । राज्यका माथिल्लो निकायबाट राज्यका अन्य धर्म र संस्कृति मान्ने वा अनुयायीलाई पनि हिन्दू धर्ममा आस्था राख्न त्यस प्रकारको वातावरणको निर्माण गर्ने कार्य गरियो ।

नेपाल एकिकरण पूर्व भू स्वामित्वमा पूर्ण अधिकार भएको याखा जनजाति एकिकरण पश्चात जग्गा र जमिन सम्बन्धि बनेका ऐन नियमद्वारा जग्गाको अधिकार र प्राप्तीमा बनेका कानुनका कारण भूमिको अधिकार हट्दै गयो र भूमिको निश्चित आकार राज्यबाट निर्धारण गर्नु र भूमिलाई दिन प्रतिदिन खण्डीकरण गर्दै लिजानुले भूमिमा निर्भर याखा जनजातिका आर्थिक अवस्था दयनिय बन्दै गएको हो । मुख्य स्रोत कृषि भएको कारण जग्गाको उर्वरा दिन प्रतिदिन घट्दै जानुले कृषि उत्पादनमा कमि देखापरेको हो । विवाहको प्रकृयाबारे वर्णन पश्चात याखा जनजातिको संस्कृतिको रुपमा रहेको विवाह एउटा सामाजिक रीति र संस्कारको महत्वपूर्ण पक्ष हो । जसबाट याखा विवाह प्रकृया हिजोआज दिन प्रतिदिन परिवर्तन र परसंस्कृति ग्रहण हुदै गएको छ । यसबाट याखा जनजातिको

संस्कृति लोप हुने अवस्थामा छ । यस अध्ययन गर्न सहभागि अवलोकन, असंरचित अर्न्तवार्ता र संरचित प्रश्नावलीको विधिद्वारा तथ्याङ्क संकलन विधिको प्रयोग गरिएको थियो । जसबाट याखा जनजातिको विवाह स्रोत कर्ता स्वयम उपस्थित भई अवलोकन र विवाहमा उपस्थित जोडी समुहका विच कुराकानी र छलफल गरेको थियो । जसबाट विवाहमा प्रयोग हुने सामग्री, गरगहना, लुगाकपडा पहिरन आदिमा क्रमशः परिवर्तन भएको सहभागिका क्रममा देखियो । जसमा परम्परागत रुपमा छितको साडी र मखमलको चोलो र पछ्यौरा ओढ्ने र मखमलको जुत्ता, घाँटीमा कण्ठ, नाकमा बुलाकी, फूली, ढुङग्री, मडवरी, तिलहरी, चाँडीको चुरा, कल्ली, सुनको चुरा, औँठी आदी महिलाले विवाहमा लगाइने प रम्परागत गहना हुन भने वर्तमान अवस्थामा मंगल सुत्र, तिलहरी, फूल, सीक्री, औँठी र पोसाकमा वनारसी साडी, सिफनको साडी, कुर्ता सुरवाल,, पेन्ट सर्त आदि पोसाक लगाउने गर्दछन । अध्ययन बाट के थाहा हुन्छ भने परम्परागत खाना, पोसाक, पेयपदार्थ आदिको प्रयोगमा क्रमशः ह्रास हुदै आधुनिकरणका लहरहरुले क्रमश प्रभाव पार्दै गइरहेको छ जसबाट विवाहमा मुख्य रुपमा प्रयोग हुने मासु, जाँड, रक्सी, चामल आदि खाद्यपदार्थ र उपभोग्य सामग्रीको दुई दशक अगाडि सम्म अधिक प्रयोग हुने गर्दथियो भने वर्तमानमा क्रमश कम हुदै गएको छ भने विवाह गर्ने उमेर, विवाह गर्दा रीतपूर्वक गर्ने र नगर्ने, वेहुली खोज्ने तरिका आदिमा क्रमशः परिवर्तन भएको अध्ययन अनुसन्धानबाट थाहा हुन्छ ।

## ५.२ निष्कर्ष

यस अध्ययन/अनुसन्धानले किडरिङ (खराङ) गाउँको याखा समुदायको विवाह प्रकृया र परिवर्तनका बारेमा आधारित रही अध्ययन गर्ने कार्य गरेको छ । यस जातिको विवाहमा परिवर्तन गर्ने विभिन्न तत्वहरु रहेका छन् जसमध्ये पूर्व नेपालको एकीकरण पश्चात यस अध्ययन क्षेत्रको साँस्कृतिक पाटोमा विस्तारै प्रभाव परेको देखिन्छ । नेपाल एकीकरण पश्चात अन्य जातिको संस्कृतिको प्रभाव पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा यस जातिमा पर्दै आएको छ । तर पनि यस जातिमा रहेको अन्य धार्मिक आस्था र विश्वास भने अझै कायम रहेको कुरा याखा जातिको पुजारीद्वारा (माङवाहाङ) नै विवाह गर्नुलाई मानिन्छ । जसले गर्दा उनीहरुको मौलिक संस्कार र संस्कृतिलाई अझैसम्म पालना गरिरहनु र परम्परागत मान्यतालार्य स्वीकार गरेको बुझिन्छ ।

याखा जातिका अनावश्यक रीति र संस्कृतिको झन्झटिलो प्रकृयाका कारण यस जातिको मानिसहरु निप्रतिदिन गरिब हुदै गइरहेको पाइन्छ । जुन गरिबीको यस गाउँको मुख्य कारण रीति र संस्कृति पनि हो । तर वर्तमान अवस्थामा अनावश्यक रीति र संस्कृतिको क्रमश छोड्दै गइरहेको परिवर्तन हुदै गएको सहभागीले बताए ।

त्यसैगरी यस जातिको विवाह प्रकृयामा परिवर्तन हुन सञ्चार शिक्षा आदिका कारण पनि मूख्य भूमिका खेलेको छ । यस गाउँमा सञ्चारका साधनहरुको विस्तारै प्रभाव हुनु र शिक्षामा पहुँच बढ्दै जानुले अध्ययन क्षेत्रका वर्तमान नयाँ पुस्ताले परम्परागत विवाहलाई पूर्णरुपमा नस्वीकारेको पाइन्छ । साथै यस अध्ययन क्षेत्रका याखा समुदायले अन्य जातिको विवाह प्रकृयालाई नस्वीकारी आफ्नै विवाह प्रकृयालाई आधुनिकीकरण सँगै परिवर्तित गर्दै लगेको पाउन सक्छौ ।

# सन्दर्भग्रन्थसूची


आदिबासी जनजाति उत्थान राष्ट्रिय प्रतिस्थान ऐन, (२०५५) काठमाडौँ, नेपाल राज पत्र

अधिकारी रेणु (२०१५), महिला हिसांका प्रकार, काठमाडौँ, ओरेक नेपाल

कोङरेन, रामजी, (२००७), याखा इन्डिनिनियस पिपुल्सः ट्रेडिसन एण्ड कल्चर, काठमाडौँ किराँत याखा छुम्मा, हिसी प्रेस

कोङरेन रामजी, (२०५७), याखा जातिको चिनारी, काठमाण्डु, हिसी प्रेस

काप्लान, लियोनल, (२०००), ल्याण्ड एण्ड सोसल चेन्ज इन इष्ट नेपाल : अस्टडी अफ हिन्दू ट्राइबल रिलेशन बार्कले यूनिभर्सिटी अफ क्यालिफोर्निया, प्रेस

केन्द्रिय तथ्याङ्क विभाग (२०१३), स्टाटिस्टिकल इयरबुक अफ, काठमाण्डौ, नेपाल, केन्द्रिय तथ्याङ्क विभाग

गाधा ताल्हामी, (२०१३), हिस्टोरिकल डिस्नरी अफ वुमन इन द वर्ल्ड, इन्दिया, हिन्दुस्तान पब्लिकेशन

गौतम, राजेश एण्ड थापा मगर अशोक, (१९९४), ट्राइबल इथ्नोग्राफी अफ नेपाल, कलकत्ता, इन्डिया बुक फेठ

चेम्जोङ्ग आई, एस, (१९९६) हिस्टोरी एण्ड, कल्चर अफ किराँत पिपुल काठमाण्डौ पुष्परत्न सागर

चेम्जोङ, आई, एस, (१९९७), हिस्टोरी एण्ड, कल्चर अफ किराँत पिपुल काठमाण्डौ पुष्परत्न सागर

चेम्जोङ्ग, आइ.एस, (१९७४), किराँतकालीन विजयपुरको इतिहास, काठमाण्डौ, पुष्परत्न सागर

चेम्जोङ्ग, आइ, एस, (१९४८), किराँत इतिहास (हिस्टोरी अफ द किराँती) गान्तोक, नेपाल टेकस्ट

चेम्जोङ्ग, आइ, एस , (१९६१), किराँत मुन्धुम : दार्जिलिङ, नेपाल टेक्स्ट

जोन, आर, एल, (१९३९), किन्सीप एण्ड म्यारिज एमोङ्ग दि दिलिम्बू अफ  इस्टर्न नेपाल, अ स्टडी इन म्यारिज स्टाविलिटी लस : एन्जल, डिजरटेशन, पि, एच.डी इन ( एन्थ्रोपोलोजी (युनिभर्सिटी अफ क्यालिफोनिया)

डेभिड एन गेलनर, जोन्ना पाफ, जार्नेका एण्ड जोन बाल्टन, (१९९७) नेशलिज्म एण्ड एथ्निसिटी इन अ हिन्दु किङडम, द पोलिटिक्स अफ कल्चर इन कन्टेम्पोररी नेपाल, न्यू दिल्ली, सेज पब्लिकेशन

देवान वम एण्ड, लिंख मागमान, (२०६४),याखा प्रारम्भिक शब्द संग्रह सुनसरी, डिजिटल प्रिन्टर्स धरान,

भट्टराई ज्ञानेश्वर, (२०१०), वृहत ज्ञानकोश काठमाण्डौ, आसिश बुक्श हाउस

बिष्ट, डोरबहादुर, (१९६७), पिपल अफ नेपाल, भोटाहिटी, काठमाण्डौ, रत्नपुस्तक भण्डार

मजपूरिया, इन्द्र, (१९७८), म्यारिज कस्टम इन नेपाल, इथनिक ग्रुप एण्ड देयर म्यारिज कस्टम एण्ड ट्रेडिसनल, लास्कर ग्वालियर, इन्दिया एस.देवि प्रेस

रेग्मी, डिल्लीराम, (१९६०) एन्सियन्ट नेपाल, कलकत्ता मूखेप्याध्याय पब्लिकेशन

लिम्बू, प्रेमबहादुर एण्ड ढुंगेल भूपेन्द्रमान, (१९६२) संक्षिप्त नेपाल इतिहास, काठमाडौ, एकेडेमी प्रेस

शर्मा प्रयागराज, (२००४), द स्टेट  एण्ड सोासइटी इन नेपाल, काठमाडौं हिमाल, बुक्स

सुब्बा जे आर, (२००८), हिस्टोरी कल्चर एण्ड कस्टम अफ सिकिम, कैलाश प्रेस

पपुलेसन सेन्सस, (२०११), नेपाल, काठमाण्डौ, सेन्ट्रल ब्यूरो अफ स्टाटिसटिक्स

श्रेष्ठ, ज्ञाइन्दूबहादुर, (२०३३), मुलुकी ऐन, (छैटौ संशोधन), काठमाण्डौ, पैरबी प्रकाशन

श्रेष्ठ, ज्ञाइन्दूबहादुर, (२०५९), मुलुकी ऐन, (एघारौ संशोधन), काठमाण्डौ, पैरबी प्रकाशन

श्रेष्ठ, ज्ञाइन्दूबहादुर, (२०६४), मुलुकी ऐन, काठमाण्डौ, पैरबी प्रकाशन

याख्खा, राई दुर्गाहाङ, (२०५९) वि.सं. याखाको इतिहास : एक छलफल,

# अनुसूची

विवाह संस्कारको प्रकृया र परिवर्तन अध्ययनको लागि प्रयोग गरिएका प्रश्नावली :

१. उत्तरदाताको नाम :

क) लिङ्ग : ख) उमेर :

२. तपाईले कस्तो प्रकारको विवाह गर्नु भएको हो ?

क) मागी ख) प्रेम

ग) जारी घ) अन्य

३. २० (बीस) वर्ष पहिले विवाह गर्दा कसरी गरिन्थ्यो ?

क) ख) ग) घ)

ङ) च) छ) ज)

४. विवाह गर्दा वर्तमान (हाल) अवस्थामा कसरी गरिन्छ ?

क) ख) ग) घ)

ङ) च) छ) ज)

५. कसरी/कुन माध्यमद्वारा केटीको घरमा विवाह प्रस्ताव लगिन्छ ?

क) ख) ग) घ)

६. कुन महिनामा विवाह गर्ने प्रचलन बढी छ ?

क) ख) ग) घ)

७. कति मानिसहरु अझै पनि लमीद्वारा (लेङताम्मे) द्वारा केटीको घर गई मागी विवाहको प्रस्ताव लैजान्छन् ? यस गाउँमा बढी प्रचलित छ वा न्यून मात्रामा ?

क) बढी ख) न्यून

८. गाउँमा कति मानिसहरुले प्रेम विवाह गरेका छन् ?

क) बढी ख) न्यून

९. जारी विवाह गर्ने मानिसको संख्या गाउँमा कति छन् ?

क) बढी ख) न्यून

१०. कति प्रकारका याखा जातिको प्रजातिहरुको गाउँमा बसोबास रहेको छ ?

क) ख) ग) घ)

११. यस गाउँको याखा जातिको मुख्यथलोको बारेमा व्याख्या/भन्न (गर्न) सक्नुहुन्छ ?

१२. केइलाक (च्याघ्रुङबाङनाच) को बारेमा व्याख्या गर्न सक्नुहुन्छ ?

क) ख)

१३. तपाईको विचारमा कुन संस्कार अति खर्चालु र अनावश्यक लाग्छ जुन बन्द गर्नुपर्छ जस्तो लाग्छ ?

क) ख)

१४. याखा जातिको विवाह समारोहमा यस गाउँमा कस्ते प्रकारको बाजाहरु बजाउने गरिन्छ ?

क) ख) ग) घ)

ङ) च) छ) ज)

१५. याखा जातिको विवाहमा कस्तो प्रकारको भेषभूषा र आभूषण लगाउने प्रचलन छ ?

क) ख) ग) घ)

ङ) च) छ) ज)

१६. याखा जातिको विवाह संस्कारमा कुन चाही संस्कार अति आवश्यक र महंगो र खर्चिलो छ ?

क) ख) ग)

१७. विवाह रीति र संस्कारमा परिवर्तन आएको छ ? छ भने के-कस्तो प्रकारको परिवर्तन आएको छ ? कृपया एकमा रेजा चिह्न लगाउनुहोस् ।

क) परिवर्तन भएको छैन ।

ख) विस्तारै परिवर्तन भएको छ ।

ग) अलिअलि परिवर्तन भएको छ ।

घ) पूर्णरुपमा परिवर्तन भएको छ ।

१८. विवाह र प्रकृयामा के कस्ता तत्वहरुको विवाह संस्कार परिवर्तन मुख्य भूमिका खेलेको छ ?

१९. कस्ता-कस्ता संस्कारगत कार्यमा रकम दिने कार्य विवाह समारोहमा हुने गर्दछ ?

क) ख) ग) घ)

२०. कस्तो प्रकारको सामानहरुको आवश्यकता पर्दछ जसले संस्कारगत प्रकृयामा ती वस्तु तथा सामानको आवश्यकता पर्दछ ? कृपया ती वस्तुहरुको विवरण र मात्रा लेख्नुहोस् ।

क) वस्तु/सामग्रीहरु ख) आवश्यक मात्रा

१.

२.

३.

४.

५.

६.

७.

८.

९.

१०.

११.

# परिशिष्ट

## अर्न्तवार्ता लिइएका व्यक्तिहरु

| क.स. | अर्न्तवार्ता लिइएका व्यक्तिहरुको नाम | वडा | पेशा |
|---|---|---|---|
| १. | आइतबाहादुर हेङवा | ६ | वृद्ध व्यक्ति |
| २. | बुद्धिकुमारी याखा | ६ | वृद्ध महिला |
| ३. | पञ्चमाया लिम्बु | ५ | वृद्ध महिला |
| ४. | खड्का बहादुर राउत | ५ | सामाजिक कार्यकर्ता |
| ५. | मायादेवी अधिकारी | ८ | सामाजिक कार्यकर्ता |
| ६. | कुमार श्रेष्ठ | ४ | व्यापारी |
| ७. | कुलबहादुर राई | ७ | समाजसेवी |
| ८. | इन्द्रबहादुर राई | ७ | शिक्षक |
| ९. | लक्ष्मी देवी खायाखिम | ९ | स्वयम सेवीका |
| १०. | लोकमान जिमी | ९ | जेष्ठ नाकरिक |

**उतरदाताको नाम**

१. कुमारी याखा

२. डम्मरकुमारी याखा

३. जयाकुमारी याखा

४. इन्द्रकुमारी याखा

५. राधिका जिमी

६. भूमिका जिमी

७. राकेश जिमी

८. राजु देवान

९. चन्द्रकला जिमी

१०. गोविन्द जिमी

११. अरुना जिमी

१२. एलिना देवान

१३. रामकुमार जिमी

१४. जानुका जिमी

१५. नैनाकला याखा

१६. रविन्द्र देवान

१७. जीवन जिमी

१८. श्यामबहादुर जिमी

१९. विर्खबहादुर देवान

२०. गोपाल देवान

२१. किरण जिमी

२२. केशव राई

२३. सविना जिमी

२४. अश्मीता जिमी

२५. अक्कल बहादुर याखा